जन आकाश
Jana Aakash National Weekly
National Weekly
www.janaakash.com
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- १५ २०८१ साल मंसिर ११ गते मंगलबार (Nov 26, 2024) www.janaakash.com.np



## जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित

www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com


# नौवटा सामाजिक सञ्जाल काउन्सिलको कारबाहीमा




**काठमाडौं–** प्रेस काउन्सिल नेपालले गलत र भ्रमपूर्ण अभिव्यक्ति प्रसारण गरी अराजकता फैलाएको भन्दै विभिन्न ९ वटा सामाजिक सञ्जाललाई कारबाही गरेको छ ।

काउन्सिलका सहप्रशासकीय अधिकृत एवं सहप्रवक्ता रामशरण बोहराले एक विज्ञप्ति जारी गरी दर्ता र सूचीकरणबिना चलेका, मिडियासँग आबद्ध नभएका तीन सञ्जाललाई आवश्यक अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरीको साइबर ब्युरोमा पत्राचार गरिएको र मिडियाअन्तर्गत आबद्ध भएका एक फेसबुक पेजसहित अन्य च्यानललाई अप्रमाणित र एकपक्षीय सामाग्री तत्काल हटाउन वा स्थगन गर्न निर्देशन दिइएको जानकारी दिए ।

काउन्सिलले पछिल्लो समय कार्यविधि बनाई कुनै मिडियासँग सम्बद्ध भएका र नभएका सामाजिक सञ्जाल विशेष गरी युट्युब च्यानल र फेसबुक पेजबाट सम्प्रेषित सामाग्रीको अनुगमन गरिरहेको जनाएको छ । "यही क्रममा केही सामाजिक सञ्जालबाट हालै प्रधानमन्त्री केपी शर्मा ओलीका विषयमा अपुष्ट, एकपक्षीय आरोपसहित गालीगलौज, अफवाहपूर्ण र अतिरञ्जित सामग्रीलाई प्राथमिकताका » बाकी ६ पृष्ठमा

# प्रधानमन्त्रीको चीन भ्रमणमा मैत्रीपूर्ण कामहरु होलान् ?

■ मोहन कार्की

नेपालका प्रधानमन्त्री केपी शर्मा ओली यहि हप्ता छिमेकी राष्ट्र चीन भ्रमणमा जाने पक्कापक्की भएको छ । पराष्ट्र मन्त्रालयले दिएको जानकारी अनुसार प्रधानमन्त्री चीनका प्रधानमन्त्री लि छ्याङको निमन्त्रणमा चीन भ्रमणमा जान लागेको पुष्टि भएको छ ।

प्रधानमन्त्री ओली प्रधानमन्त्री भएकै वेलामा भारततपर्फवाट अघोषित नाकावन्दी भएको वेलामा चीन भ्रमण गरी नेपाल र चीन बीच फ्रेमवर्कमा विकासका कामहरु गर्ने सम्झौता गर्नेगरी केही छलछल भएको कुरा वाहिर आएका थिए ।

जसमा तत्कालै कोरला नाका खोल्ने देखि नेपालमा चीनसँगको कनेक्टिभिटी जोड्ने सम्मका कुराहरु थिए । त्यसपछि नेपालमा घटेका राजनीतिक घटनाक्रमले नेपाल र चीन बीच फ्रेमवर्क गर्ने कुरा प्रभावित हुदै आएको थियो । त्यसका बाबजुद पनि यतिवेला चीनले चिनतर्फको कोरोला नाका सञ्चालनमा ल्याईसकेको छ ।

राजनीतिक घटनक्रमले नेपालमा एमसिसि परियोजनाको विषयलाई लिएर चिनले समेत आफ्नो धारणा सार्वजनिक समेत गरेको थियो ।



यो झण्डै १० बर्ष पछाडी चिनियाँ प्रधानमन्त्री र नेपाली प्रधानमन्त्रीको भेटवार्ता हुन लागेको हो ।

उक्त भेटले नेपाल र चीनको विगतमा जस्तै सौहार्दा मैत्रीपुर्ण व्यवहारहरु दुवै राष्ट्रका नागरिकहरुले अपेक्षा गरेका छन् । त्यहीस्तरको तयारी दुवै राष्ट्रले गरेका पनि होलान् ।

त्यसैले विश्व शक्तिमान हुदै गएको मित्रराष्ट्र चीनसँग नेपालका प्रधानमन्त्रीले भ्रमणले नेपालको पक्षमा निपाली जनता हितमा उपलब्धिमूलक काम गरेर स्वदेश फर्कनुहुन्छ भन्ने विश्वास नेपालीहरुले गरेका छन् ।

बाकी प्रगति प्रधानमन्त्री चीन भ्रमणमा गएर गरेका सम्झौताको सार्वजनिक पछि नै भन्न सकिने छ ।

# आगलागीबाट घाइते शेर्पाको उपचारका लागि आर्थिक सहयोगको आह्वान

**काठमाडौं–** गोकुलगंगा गाउँपालिका वडा नं. २, चोरपातल निवासी एमपालि शेर्पाका छोरा बर्ष ३५ गम्बु शेर्पा अचानक आगोमा परी गम्भीर घाइते भएका छन् । उनको दुबै खुट्टा जलेर कार्यशील नहुने अवस्थामा पुगेको छ ।

हाल, उनको उपचार काठमाडौंको किर्तिपुर अस्पतालमा भइरहेको छ । चिकित्सकहरूको भनाइ अनुसार, शेर्पाका दुबै खुट्टा काम नलाग्ने र अप्रेसन गनुपर्ने अवस्था आएको छ । यसका लागि झण्डै ५ देखि ६ लाख रुपैयाँको खर्च लाग्ने चिकित्साहरुको भनाइछ । तर, पीडित परिवारको आर्थिक अवस्था अत्यन्तै दयनीय रहेको छ ।

परिवारको आर्थिक अवस्था निकै कम्जोर भएको र सबै रकम उपचारमा सकिसकेको हुनाले बिरामी बचाउनाको लागि सयोगी मनहरुले सकेको सयोग गरिदिनु हुन् पिडित परिवारले हार्दिक अनुरोध गरेकाछन् ।




# विष्णुमति करिडोरको टहरामा राखिएका ८२ पसल हटाइयो



**काठमाडौं–** टोखा नगरपालिका-९ नयाँ बसपार्कस्थित विष्णुमती करिडोरमा अवैध रुपमा सञ्चालन भएका ८२ टहरा हटाइएको छ । नगरपालिकाले नयाँबसपार्क पुलदेखि सामुदायिक सेवा केन्द्रसम्म विष्णुमति खोला करिडोरमा निर्माण गरी सञ्चालनमा रहेका ८२ टहरा पसल हटाएको हो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर विसीले विष्णुमति नदी करिडोरलाई सुन्दर र व्यवस्थित बनाउनका लागि त्यस आसपासमा निर्माण गरिएका अस्थायी संरचना हटाइएको जानकारी दिए ।

"सार्वजनिक जग्गा मिचेर नदीको किनारामा निर्माण गरिएका संरचना डोजर लगाएर हटाइएका हौं", उनले भने । नगरपालिकाले सार्वजनिक जग्गा संरक्षण गर्नका लागि वडा नं ४ का वडाध्यक्ष धर्मेन्द्र श्रेष्ठको संयोजकत्वमा 'सार्वजनिक » बाकी ६ पृष्ठमा

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १५, २०८१ साल मंसिर ११ गते मंगलबार (Nov 26, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

# राजनीतिक तरल अवस्था कहिलेसम्म

नेपाल राजनीतिक अस्थिरता कहिल्यै समाप्त नहुने देशको सूचीमा परेको छ । हुदा हुदा कुनैवेला बन्दुक बोकेर राजनीतिक मुद्दावाट लडाइ गरेर सत्तामा पुगेका राजनीतिक पार्टीहरु सरकारमा रहदा समेत राजनीतिक अस्थिरता कायम नै छ । सरकारमा रहेका सवैभन्दा ठूलो दल नेपाली काँग्रेस र एमालेले स्पष्ट बहुमतको सरकार चलाउदा समेत राजनीतिक स्थिरता हुन सकेको छैन । राजनीतिक स्थिरताको लागि जनताको पक्षमा गरिने कामहरु हुन नसक्दा सरकारले चाहेर पनि गर्न सकिरहेको अवस्था देखिदैन ।

किनकी सरकारमा रहेका राजनीतिक पार्टीले विगतमा निर्वाचन जित्न नजायज तरिकाले आर्थिक लेनदेन गरी निर्वाचन जितेका र निर्वाचनवाट आएका प्रतिनिधिले जनताको पक्षमा भन्दा पनि निर्वाचनका वेला लगानी गर्ने लगानीकर्ता दाताको सेवाका केन्द्रीत हुनुपर्दा देश र जनताको पक्षमा काम हुन सकेको छैन । त्यसैको असर राजनीतिक रुपमा कुनैपनि राजनीतिक पार्टीका सदस्य समर्थन खुशी भएको देखिदैन ।

केही आसेपासे राजनीतिक पार्टीका कार्यकर्ता खुशी भएको भएपनि आम नागरिकमा बितृष्णा, राजनीतिक पार्टीहरुलाई गर्ने घृर्णा जस्ता व्यवहारहरु उत्पन्न भईरहदा त्यसैको वलमा राजनीतिक पार्टीले पनि जानेर या नजानेर जनतालाई उत्तेजित बनाईरहने र राजनीतिक अस्थिरता बनाईराख्न भूमिका खेलिरहेको देखिन्छ ।

यस्ता कार्यहरुवाट नेपालको राजनीतिक स्थिरता कायम हुन सक्दैन । त्यसैले आउदा दिनमा निर्वाचनको वेला अप्रत्याशित रुपमा नजायज तरिकाले चन्दादातावाट चन्दा लिई खर्चको खोलो बगाएर निर्वाचन जित्ने चलनको अन्त्य गर्न जरुरी छ । त्यसरी स्वाच्छ ढंगवाट निर्वाचित भएका जनप्रतिनिधिले जनताको भावना अनुसार देशको हितमा स्वतन्त्र भई काम गर्न सक्छन्  र जन विरोधी जो कसैले काम गरेमा त्यसलाई जनता र जनताको प्रतिनिधित्व गर्ने नेतृत्वले मिलेर समस्याको सावधान जनताको वलमा गर्न सक्छन् । यस्तो जन विश्वास भएको सरकार हुन नसक्दा नेपालमा राजनीतिक अस्थिरता रहिरहेको छ ।

# बीआरआई परियोजना र नेपालको सवाल



डा. सुमनकुमार रेग्मी

चीनले बहुचर्चित परियोजना बेल्ट एन्ड रोड (बीआरआई) अघि सारेको २०८० (सन् २०२३) मा एक दशक पूरा भएको छ। नेपालले त्यसको ढाँचामा सहकार्यसम्बन्धी सहमति गरेको पनि ६ वर्ष पूरा भएको छ।

बीआरआईको एक दशक र त्यसमा नेपालको अनुभवबारे मिश्रित आदानप्रदान २०८० पछि शुरु भएको छ। २०८० सालसम्म पनि एउटा परियोजना बीआरआईको ढाँचामा कार्यान्वयन नभए पनि सरकारले बीआरआई कार्यान्वयनको मोडालिटीबारे चीनसँग कुराकानी गर्न प्रतिबद्धता जनाएको छ।

दुवै देशले बीआरआईको सम्झौताको सफल कार्यान्वयनमा कमी हुन नदिने व्यक्त गरेका छन् । दुवै देश एक चीन नीतिप्रति प्रतिबद्ध छन् । दुवै देशले विकसित बाह्य घटनाचक्रलाई अवलोकन गर्दै आएका छन् । नेपाल चीनसँग मोडालिटीमा छलफल गर्न सदा तत्पर रहँदै आएको छ। कुनै पनि बाह्य कारोबारमा कुनै पनि ऋणको दलदलमा नेपाल नफस्ने बताइएको छ।

बीआरआई कार्यान्वयन योजनामा सहमति भए पनि दुई देशबीच परियोजनागतरुपमा छलफल हुँदै जाने विश्वास गरिएको छ। नेपाल छिमेकीको विकासमा जोडिनुपर्दछ।

चिनियाँ ऋणबारे कथनमा गलपासो भनिएको छ । नेपाल र भारत सम्बन्धका लागि बीआरआई कोसेढुंगा साबित हुनेछ। दुवै देशबीच रेल, विद्युतीय प्रसारण लाइन, प्रत्यक्ष वैदेशिक लगानीलगायतका विषयमा छलफल हुँदै आएको छ । वन बेल्ट वन रोड अर्थात् ओबीओआरको अवधारणा अगाडि सारेलगत्तै वि.सं. २०७० मा नेपालले समर्थन गरेको थियो । पछि त्यसको नाम बेल्ट एन्ड रोड इनिसियटिभ अर्थात् बीआरआई हुने निर्णय भयो।

नेपाल र चीनबीच २९ वैशाख २०७४ मा बीआरआई फ्रेम वर्कअन्तर्गत सहकार्य गर्ने सहमति भयो। तर बीआरआईबारे चीनविरोधी समूहले तानाबाना बुनेका नेपाली समाजका पछाडि लाग्न नहुने भनिन्छ । चीनलाई बीआरआईका आठ परियोजनाको सूचि छलफका रुपमा नेपालले पठाएको छ । धेरै योजनामा प्रगति भएको देखिएन । बीआरआईबाट नेपालले फाइदा लिने सकेन। नेपालमा बनेका पटक-पटकका सरकारहरु कमजोरका कारण बीआरआई कार्यान्वयन हुनेमा शंका गरिएको छ । भनिन्छ कि नेपाललाई अहित हुने ऋण स्वीकार गर्न हुँदैन। तर परियोजनाबारे छलफल नै नभई ऋणको भार पर्न लागेको चर्चा हुनुहुँदैन् । पहिला संवाद र छलफल गर्नुपर्दछ।

तर बढी ब्याजदरमा ऋण ल्याउनुपर्छ भन्ने भनाइमा कुनै नेपाली लाग्न हुँदैन। छलफलअगाडि नै ऋण गलपासो भन्न मिल्दैन भनिन्छ। राष्ट्रिय महत्वका आधारमा सबै पक्षसँग छलफल गरिनुपर्दछ। तिब्बतसँग चीनको संवेदनशीलता रहेको र तिब्बतसँग मात्र नेपालको सीमा जोडिएका कारण चीनको सीमा नेपालको लागि दीर्घकालीनरुपमा सहज हुने शंका व्यक्त गरिन्छ। बीआरआईका बारे एक दशकमा नेपालले के प्राप्त गर्‍यो भन्ने विचारणीय छ।

त्यसर्थ यसबारे व्यापक छलफल गरिनुपर्दछ । बीआरआईको संस्थापक सदस्य हो भने एक किलोमिटर सडक पनि नेपालमा किन परेन ? कसैले त बीआरआईको औपचारिक दस्तावेजमा नेपाल कतै नपरको देखिन्छ भनेको पनि सुनियो । यो कुरो सत्य हो कि नेपाल-चीन आर्थिक सहकार्यको अनुभव मीठो छैन । नेपालमा चिनियाँ सामान चीन आफैँले निर्यात गर्दछ । नेपालीहरुले चीनमा नेपाली सामान निर्यात गरेका छैनन्, नेपालमा चिनियाँ कम्पनी खोलेर चिनियाँ सामान निर्यात गर्दछन्।

बीआरआईमा नेपाल सहमति र सहभागी भएको पाँच वर्ष बितिसक्दा दुई देशका त्यसअन्तर्गत नेपालमा सञ्चालन एउटा पनि परियोजना सञ्चालन भएको छैन।

२९ वैशाख २०७४ मा उक्त सम्झौतामा हस्ताक्षर भएको थियो । उक्त सम्झौता ३० वैशाख २०८१ सम्म नवीकरण भएको छ । चीनले बीआरआई कार्यान्वयन योजनामा सहमति भएपछि मात्र परियोजनामा छलफल गर्ने भनेको छ । नेपालले बीआरआईअन्तर्गत काठमाडौँ-केरुङ सीमापार रेलमार्ग, नेपाल-चीन सीमापार विद्युत् प्रसारण लाइन, टोखा-छहरे-विदुर सडक तथा सुरुङ, खुटिया-दिपायल सडक, किमाथांका अरुण जलविद्युत् आयोजना, कोहलपुर-सुर्खेत सडक, सुनकोशी-मरिण आयोजना, नेपाल-चीन सीमापार आर्थिक निर्माणजस्ता परियोजना सहकार्यको लागि प्रस्ताव गरेको थियो।

यीमध्ये सुनकोशी-मरिण डाइभर्सन आयोजना नेपाल सरकारकै खर्चमा भएको छ । चीनले बीआरआई कार्यान्वयन योजनामा सहमति भएपछि परियोजनामा छलफल गर्ने सहमति जनाएको छ । काठमाडौँ-केरुङ रेलमार्गसम्बन्धी सम्भाव्यता अध्ययनका लागि चिनियाँ प्राविधिक टोलीले प्रारम्भिक काम शुरु गरिसकेको छ।

सीमापार प्रसारण लाइनको काम पनि अघि बढिसकेको छ। निर्माण सम्पन्न भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल चिनियाँ ऋण तथा अनुदानमा निर्माण भए पनि बीआरआईअन्तर्गत विमानस्थल निर्माण भएको भनिएको थियो । तर नेपालले भने बीआरआईअन्तर्गत पोखरा विमानस्थल नभएको बताएको छ । पोखरा विमानस्थल बीआरआईअन्तर्गत भए वा नभएमा केही फरक पर्दैन भनिएको छ।

नेपालले चीनको बहुपक्षीय अवधारणा बेल्ट र रोड इनिसियटिभ अर्थात् बीआरआईमा नेपालले हस्ताक्षर गरेको धेरै भइसकेको छ । चीनसँग ३ हजार अर्ब अमेरिकी डलर बराबरको विदेशी मुद्रा सञ्चित छ। चीनले ५० अर्ब डलर बराबरको बेल्ट एन्ड रोड इनिसियटिभ फन्ड खडा गरेको छ।

बीआरआई र एसीयाली पूर्वाधार लगानी बैंकका कतिपय उद्देश्य समान छन्। एसियाली लगानी बैंकमा पनि बीआरआई कोष स्थापना गरिएको थियो । चीनले संयुक्त राष्ट्र विकास कार्यक्रम, संयुक्त राष्ट्र औद्योगिक विकास संगठन, विश्व स्वास्थ्य संगठन र विश्व बौद्धिक सम्पत्ति संगठनसहित थुप्रै अन्तर्राष्ट्रिय संस्थासँग बेल्ट र रोड सहयोगका लागि हस्ताक्षर गरिसकेको छ । बेल्ट एन्ड रोड पहलले अन्तर्राष्ट्रिय आर्थिक सहयोग र दिगो विकास गर्न ठूलो सहयोग दिनेछ।

बीआरआईको धेरैजसो लगानी चाइना डेभलपमेन्ट बैंक, एक्सपोर्ट इम्पोर्ट बैंक, सिल्क रोड फन्ड, एसियन इन्फ्रास्ट्रक्चर बैंकजस्ता चिनियाँ कोषबाट आउनेछन् । २०७५ साउनसम्म झन्डै पाँच दर्जन चिनियाँ कम्पनीले बीआरआईका करिब एक हजार सात सय परियोजनामा लगानी गरिसकेका छन्।

अधिकांश परियोजनामा चीनले सम्बन्धित देशसँग द्विपक्षीय सम्झौता गर्ने गरेको थियो । चीनको बेल्ट एन्ड रोड फोरममा पाँच प्रमुख क्षेत्रमा नीति, पूर्वाधार, व्यापार, वित्तीय र मान्छेको मान्छे सञ्जालमा २ सय ७० भन्दा बढी परिणाम थिए, जसमा ७६ वस्तुहरु समावेश थिए । चीन सरकारले मंगोलिया, पाकिस्तान, नेपाल, क्रोएसिया, मोन्टेनेग्रो, बोस्निया हर्जगोभिना, अल्बानिया, टिमोर लेस्ते, सिंगापुर, म्यानमार र मलेसिया सरकारका साथ बेल्ट एन्ड रोड सहयोगमा समझदारी गर्नका लागि स्मरणपत्रमा सबैले हस्ताक्षर गरिसकेका छन्।

सन् २०१५ मा संविधान जारी गर्दागर्दै भारतले अघोषित नाकाबन्दी लगाएपछि नेपालले भारतबाहेकको वैकल्पिक पारवहन मार्ग खोल्नुपर्ने कदम फेरि एकपटक बल्झियो । भौगोलिक अवस्थाका कारण चीन मात्र त्यस्तो विकल्पका रुपमा रह्यो । त्यसैले चीन हुँदै समुद्री मार्गसम्म जोडिने सञ्जाल निर्माणमा ढिलाइ गर्न नहुने तथ्य थियो।

त्यसैले नाकाबन्दीलगत्तै चीनसँग सन् २०१६ मा नेपालले पारवहन तथा यातायात सम्झौता गर्‍यो। यद्यपि यो सम्झौता प्रोटोकल भए पनि कार्यान्वयनमा अझ आएको छैन । नेपाल-चीन सीमामा रहेको चिनियाँ शहर केरुङबाट काठमाडौंसम्म एकसय किलोमिटर रेलमार्ग निर्माण गर्न २ खर्ब २० अर्ब रुपियाँ लगानी चाहिने अनुमान गरिएको छ। निर्माण शुरु भएपश्चात् वर्षौं लाग्ने खर्बौं अमेरिकी डलरको आयोजनाको रुपमा बीआरआईलाई लिन सकिन्छ। तर यो रेल समयमा नै बन्ने छाँट देखिँदैन।

चीनले आफ्नो महत्वाकांक्षी योजना ओबीओआरसँग जोडिएका देशहरुसँग ३ खर्ब ९० अर्ब अमेरिकी डलर बराबरको व्यापारिक सम्झौता गरेको देखिन्छ । सन् २०१८ को शुरुतिर यस किसिमको सम्झौता भएको थियो । सन् २०१३ मा चीनले अघि बढाएको यो योजनाको सन् २०१८ मा पाँच वर्षको अवधिमा यो सम्झौतामा एक सयभन्दा बढी देशहरुले हस्ताक्षर गरी सहमति जनाइसकेका छन्।

चीनले अगाडि ल्याएको सडक निर्माणको योजनामा विश्वभरका मुख्य अर्थतन्त्र भएका देशहरुलाई एउटै सडकले जोड्नेछ। अघिल्लो वर्षको तुलनामा सन् २०१८ मा यस योजनासँग जोडिएका देशहरुसँग भएको सम्झौतामा १९ दशमलव २ प्रतिशतले वृद्धि भएको देखिन्छ।

चिनियाँतर्फबाट ओबीओआर खास गरी पूर्वाधार विकास, व्यावसायिक कृषि, ऊर्जा, पर्यटन, बाह्य व्यापार तथा लगानी क्षेत्रमा क्रियाशील रहेको बताइँदै आएको छ । यता बीआरआईमा कति खर्च भइरहेको छ, निश्चित छैन। बीआरआईमा जम्मा लगानी १ देखि ८ ट्रिलियन डलर रहने बताइन्छ। अर्बौं डलरका एकपछि अर्को योजना घोषणा भइरहेका छन् । एसियाली विकास बैंकका अनुसार सन् २०१७ देखि २०३० सम्म एसियामा मात्रै वर्तमान वृद्धिदरलाई कायम राख्न तथा जलवायु परिवर्तनअनुसार काम गर्न पूर्वाधारहरुमा करिब २६ ट्रिलियन डलर खर्च आवश्यक पर्दछ । यसलाई ध्यान राखेर हेर्दा चिनियाँ लगानीको आकार विश्वव्यापी प्रभुत्व कायम गर्ने स्तरको देखिँदैन।

यता चिनियाँ बीआरआई अवधारणाले नेपालमा रेलमार्ग, स्थलमार्ग तथा जलमार्गलगायत पूर्वाधार, ऊर्जा, पर्यटन, संस्कृतिका क्षेत्रमा लगानी प्रवर्द्धन हुने आशा गरिएको छ। यसले नेपालको अरु देशहरुसँगको सम्बन्ध राम्रो गर्नेछ। तर नेपालले पनि समर्थन जनाएको चिनियाँ ओबीआरआई परियोजनालाई चीनले एकतर्फीरुपमा अगाडि बढाएको कारण भारतले कडा आलोचना गरेको हुँदा यस चिनियाँ परियोजनाले गर्दा नेपाल र भारतसम्बन्धमा आँच आउने आँकलन गरिएको छ।

धनी देश चीनले सडक र सामुद्रिक सम्पर्कलाई अन्य सम्बन्धित देशसँग नसोधी एकतर्फीरुपमा अगाडि बढाएकोले यस परियोजनाको आलोचना गरिएको पनि छ । चीनले नेतृत्व गरेको एसियाली पूर्वाधार लगानी बैंकको उद्देश्य नै ओबरमार्फत लगानी गर्नु हो । ओबर सडक सञ्जाल मात्र होइन, यो चिनियाँ कूटनीतिमा आएको एक प्रकारको परिवर्तन नै हो।

***(लेखक डा. रेग्मी व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्व-नायब कार्यकारी निर्देशक हुनुहुन्छ ।)***

# गलकोटका सबै बस्तीमा पुग्यो सडक

**बागलुङ–** गलकोट नगरपालिकाले ११ वटै वडाको बस्ती बस्तीसम्म सडक पुर्याएपछि नयाँ ट्र्याक खोल्न बन्द गरेको छ । ट्र्याक खोल्न बन्द भएसँगै सडकलाई फराकिलो र स्तरीय बनाउन थालिएको हो ।

नगरप्रमुख भरत शर्मा गैरेले नगरपालिका स्थापना हुनपूर्व गलकोटमा तीन सय ३० किलोमिटर ग्रामीण सडक निर्माण भएको भन्दै आफूहरु निर्वाचित भएर आएपछि करिब दुई सय २० किमी बढी सडक निर्माण भइसकेको जानकारी दिए । उनका अनुसार पालिकाभरि नयाँ तथा पुराना गरी पाँच सय ५० किमी ग्रामीण सडक रहेका छन् ।



नगरप्रमुख गैरेले वर्षौं अघि निर्माण भएका तथा नयाँ ट्र्याक खुलेका सडकलाई पालिकाले स्तरोन्नतिलाई जोड दिने बताए । अहिले पालिकाका ११ वटै वडाको सबै बस्तीमा बाह्रै महिना सडक सञ्चालन हुनेगरी काम भइरहेको उनले उल्लेख गरे ।

यस वर्ष सघन सहरी तथा भवन निर्माण कार्यालयमार्फत हटिया बजारबाट कोटमैदानसम्म र नरेठाँटीबाट दुदिलाभाटीसम्मको सडक कालोपत्र गर्न थालिएको नगरप्रमुख गैरेको भनाइ छ । गत वर्ष हटिया-हरिचौर-ताराखोला सडक, हटिया बजारबाट कोटघर र नरेठाँटी-दुदिलाभाटी सडक स्तरोन्नति गरिएको उनले जानकारी दिए ।

"गलकोट नगरपालिकाको धेरै ठाउँलाई राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गले जोडेको छ, त्योसँगै नगरपालिकाले गाउँगाउँसम्म पुग्ने सडकलाई व्यवस्थित बनाउन थालेको छ", प्रमुख गैरेले भने, "अधिंकाश बस्तीमा सडक पुगिसकेकाले नयाँ ट्र्याक नखोल्ने योजना बनाएका छौँ, अतिआवश्यक परेको ठाउँमा ट्र्याक खोल्नैपरे खोलिनेछ, अन्यथा स्तरोन्नतिमा केन्द्रित हुनेछौँ ।"

गत वर्ष करिब २० सडक स्तरोन्नति गरिएको भन्दै यस वर्ष पनि दर्जन बढी सडकस्तरीय बनाउने योजना रहेको उनको भनाइ छ । नगरपालिकाले गत वर्षदेखि सडक गुरुयोजना बनाएर काम गरिरहेको गैरेले बताए । सात वर्षको अवधिमा करिब २० किमी ढलान तथा कालोपत्र, ८० किमी ग्राभेल, पाँच वटा मोटरेबल पुल र दुई दर्जन कल्भर्ट निर्माण गरेको उनले जानकारी दिए ।

गलकोट-५ का स्थानीय प्रेमबहादुर विकले गत वर्षसम्म बर्खामा हिलो र हिउँदमा धुलोले सास्ती दिएको सडक अहिले कालोपत्र भएसँगै आवागमन सहज भएको बताए । दुई वर्ष अगाडिसम्म गाउँका धेरै सडक साँघुरा र अप्ठ्यारा हुँदा ज्यान जोखिममा राखेर यात्रा गर्नुपरेको भन्दै उनले अहिले स्तरोन्नति हुँदा स्थानीय तथा आगन्तुकलाई सकज भएको उल्लेख गरे ।

# सिटी एक्सप्रेस मनी ट्रान्सफरलाई मध्यमस्तरीय करदाता कार्यालयको विषेश अन्तरक्रिया कार्यक्रममा सम्मान

**काठमाडौं–** सरकारलाई बढी कर बुझाउने सिटी एक्सप्रेस मनी टान्सफरलाई मध्यमस्तरिय करदाता कार्यालयले सम्मान गरेको छ ।

गत हप्ता मध्यमस्तरिय करदाता कार्यालयमा आयोजित करदातासंगको अन्तरक्रिया कार्यक्रममा प्रमुख कर प्रशासक पार्वती शर्माले सिटी एक्सप्रेसका अध्यक्ष चन्द्र टण्डनलाई सम्मानित गर्नु भएको थियो ।

सम्मानका क्रममा कार्यालयकोतर्फबाटबाट बधाई तथा शुभकामना दिदै शर्माले अन्य सम्पूर्ण करदाताले समेत सिटी एक्सप्रेस जस्तै समयमा कर तिर्ने करदाताको पहिचान बनाउन सबैलाई आग्रह गर्नु भयो ।

सो कार्यक्रममा कर दातालाई कर इमान्दार भएर तिरिदीन कार्यालयको तर्फबाट अनुरोध गर्दै कर शिक्षा, वक्यौता असुली र आर्थिक ऐन २०८१ ले दिएका सुविधा बारे छलफल भएको थियो । सिटी एक्सप्रेसका अध्यक्ष चन्द्र टण्डनले कर तिर्नु करदाताको दायित्व मात्र नभएर कर्तब्य पनि हो र सबै जनाले पारदर्शी रूपमा कर तिरि समृद्ध नेपाल बनाउन सहयोग गर्नको लागी सम्पूर्ण ब्यक्तीहरुलाई अनुरोध पनि गर्नु भयो । साथै मध्यमस्तरिय करदाता कार्यलयले व्यव्सायीमैत्री सम्बन्धमा साथ काम गरेकोमा धन्यबाद दिनु भयो ।

मध्यमस्तरिय करदाता कार्यालयमा सिटी एक्सप्रेस, रेमिट्यान्स कम्पनीहरु मध्ये सबैभन्दा बढी कर बुझाएपछि उत्कृष्ट करदाताको रुपमा सम्मानित भएको हो । आर्थिक वर्ष २०७९/८० को आय विवरण अनुसार रेमिट्यान्स तथा मनी ट्रान्सफरको कारोबार गर्ने मध्ये सिटी एक्सप्रेस धेरै कर तिर्ने कम्पनी बनेको छ ।

कम्पनीलाई मंसिर १ गते शनिबार राष्ट्रिय कर दिवस-२०८१ को अवसरमा आन्तरिक राजस्व विभागले आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी कर तिर्ने कम्पनीका रुपमा सम्मान गरेको थियो । कम्पनीलाई रेमिट्यान्स तथा मनी ट्रान्सफरको कारोबार गर्ने मध्येबाट सबैभन्दा धेरै आयकर दाखिला गरी राष्ट्रिय विकासमा योगदान पुऱ्याएको भन्दै सम्मान गरिएको हो ।



सिटी एक्सप्रेस मनी ट्रान्सफरले रेमिट्यान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै १८ वर्षदेखि संसारभरबाट नेपालमा पैसा भित्र्याउन रेमिट्यान्स सेवा प्रदान गर्दै आइरहेको छ । हालै सिटी एक्सप्रेस मनी ट्रान्सफरले सिटी पे वालेटमार्फत अनलाइन भुक्तानीको सेवा सुचारु गरेको छ । सिटी पेबाट रेमिटेन्स भुतानी पनि गर्न सकिने कम्पनीले जनाएको छ ।

# कर्मचारीलाई स्वास्थ्यमन्त्रीको निर्देशन : फाइल अड्काएर जनतालाई दु:ख नदिनुस्

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रथम त्रैमासिकको समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न गरेको छ ।

बैठकमा मन्त्रालयले प्रथम चौमासिकमा गरेका कामको समीक्षा गरिएको थियो । समीक्षा कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले पुँजीगत खर्च कम भएको भन्दै यसलाई बढाउन कर्मचारीहरुसँग आग्रह गरे ।

'पुँजीगत खर्च कम हुनु गम्भीर समस्या हो । यसमा सबैलै समीक्षा गरौं,' मन्त्री पौडेलले भने, 'स्वास्थ्य मन्त्रालयलाई सबैभन्दा धेरै बजेट खर्च गर्ने मन्त्रालयका रुपमा हामी विकास गरौं ।'

मन्त्री पौडेलले आम नागरिकलाई सहज स्वास्थ्य सुविधा प्रदान गर्नु आफ्नो लक्ष्य भएको उल्लेख गर्दै हाल थपिएका निःशुल्क उपचार लगायतका सुविधामा कम भार पर्ने गरी काम गरिएको बताए ।

'पपुलिष्ट बन्न काम गरेका होइनौं'

मन्त्री पौडेलले राज्यलाई कम भार पर्ने गरी स्रोत निश्चित भएका निर्णय मात्रै गरिएको पनि बताए । 'आम नागरिकलाई सहज सुविधा दिन गरिएका निर्णय आन्तरिक स्रोतबाटै व्यवस्थापन गरेका छौं । राज्यलाई कम भार पर्ने गरी श्रोत निश्चित भएका निर्णय मात्र गरेका छौं,' उनले अगाडी थपे, 'पपुलिष्ट हुन निर्णय गरेका हैनौं ।'

## रामेछाप डायरी

# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान शुरू

रामेछाप नगरपालिकामा ऱ्याली, दीप प्रज्वलन गरेर लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान शुरु

"हामी सवैको प्रतिवद्धता, लैङ्गिक हिंसा अन्त्यको ऐक्यवद्धता" भन्ने मुल नाराका साथ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सोमबार(आज) बाट शुरु भएको छ । यो अभियानको पहिलो दिन रामेछाप नगरपालिकाले सचेतना ऱ्याली र दीप प्रज्वलन गरे को छ ।

रामेछाप नगरपालिकाका उपप्रमुख बाल कुमारी कार्की,प्रमुख प्रशासकिय अधिकृत भोला प्रसाद चापागाई सहित नगरका कर्मचारीहरुले रामेछाप बजारमा ऱ्याली प्रदर्शन गरेका थिए ।

नगरपालिकाले यो अभियान अन्तर्गत मावि विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता कार्यक्रम संचालन गर्ने छ । उक्त प्रतियोगितामा विजयी हुने विद्यार्थीहरुलाई पुरस्कार वितरण कार्यक्रम हुने बताइएको छ ।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने विभिन्न कार्यक्रम गरेर मनाईदै आएको छ । महिला हिंसा अन्त्य दिवसका अवसरमा हरेक वर्ष यो अभियान चल्ने गरेको छ । सोमबारदेखि १० डिसेम्बरसम्म चल्ने अभियानमा सरकारी तथा गैरसरकारी निकाय क्षेत्रबाट विभिन्न



चेतनामूलक कार्यक्रम हुने गरेका छन् ।

डोमिनिकन रिपब्लिकमा तत्कालीन त्यहाँका तानासाह राफेल ट्रुलिजाले तीन महिला अधिकारकर्मीलाई क्रूर तरिकाले हत्या गर्ने निर्देशन दिएका थिए । उनको निर्देशनअनुसार तीन मिराबल दिदीबहिनीको हत्या भएको थियो ।

सोही दिनको सम्झनामा अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवसका रूपमा मनाउन थालिएको हो । ७ फेब्रुअरी २००० मा संयुक्त राष्ट्र सङ्घको महासभाले २५ नोभेम्बरलाई अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवसका रूपमा मनाउन औपचारिक रूपमा सुरुवात गरेको हो ।

# पहिलो चौमासिकमा मन्थली नगरपालिकाको खर्च १५.५५ प्रतिशत




रामेछापको मन्थली नगरपालिकाले चालु आर्थिक वर्षको हालसम्म जम्मा बजेटको १५.५५ प्रतिशत मात्रै रकम खर्च गरेको छ । नगरपालिकाले चालु आर्थिक वर्षको साउनदेखि कात्तिक महिनासम्म जम्मा बजेट १ अर्ब १ करोड ९७ लाख ८१ हजार रहेकोमा १५.५५ प्रतिशत मात्रै रकम खर्च गरेको हो ।

यो अवधिसम्म चालु तर्फ ७० करोड ४ लाख ५५ हजार बजेट रहेकोमा २१.९ प्रतिशत बजेट खर्च भएको छ । पुँजीगत तर्फ ३१ करोड ९३ लाख २६ हजार बजेट रहेकोमा १.६५ प्रतिशत बजेट खर्च भएको हो ।

मन्थली नगरपालिकाका उप सचिव एवं सूचना अधिकारी हेमन्त कुमार बुढाथोकीका अनुसार साना ठुलागरी ४ सय योजनाहरु रहेकोमा २५ प्रतिशत यो जना मात्रै सम्झौता भएको छ । ७ वटा योजनाको काम सम्पन्न भएर भुक्तानी समेत भइसकेको छ ।

धेरै योजनाहरु सम्झौताकै चरणमा रहेको सूचना अधिकारी बुढाथोकीले बताउनुभयो । यस आर्थिक वर्षको चैत्रसम्म सबै योजनाहरुको काम सम्पन्न गरेर भुक्तानी गरिसक्नेगरी गरी कामहरु भइरहेको उहाँको भनाई छ ।

# राम्रो काम गर्ने कर्मचारीलाइ प्रोत्साहन गरिन्छ - महासचिव पोखरेल

**काठमाडौं–** नेकपा एमालेका महासचिव शंकर पोखरेलले राज्य बलियो नभए राष्ट्रसेवक बलियो हुन नसक्ने बताएका छन् ।

नेकपा एमालेनिकट स्थानीय तह कर्मचारी संघ नेपालले संघको तेस्रो कार्यसमितिको बैठकको समापनसँगै हालै राजधानीमा गरेको 'स्थानीय तहको सेवा प्रवाहमा संगठनको भूमिका, कर्मचारीको सेवा,शर्त र सुविधामा एकरुपता' विषयक गोष्ठीमा बोल्दै महासचिव पोखरेलले कर्मचारीलाई बिनास्वार्थ काममा लाग्न आग्रह गरे ।

महासचिव पोखरेलले तीन तहको सरकार भए पनि कर्मचारी व्यवस्थानमा समस्या देखिएको भन्दै स्थानीय तहका कर्मचारीलाई सरकारलाई सुझाव दिन र त्यसअनुसारको नीति, नियम बनाउन दवाव दिन पनि आग्रह गरे । लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्रीसमेत रहेका पोखरेलले फटाई गर्ने कर्मचारीलाई रोक्ने र राम्रो काम गर्न प्रोत्साहन गर्ने कानुन बनाउनुपर्नेमा जोड दिए ।

'कर्मचारीले फटाई गर्छ त्यसलाई रोक्नुपर्छ भन्ने खालका कानुन बनेका छन् त्यो नै मुख्य समस्या हो' उनले भने 'जे काम गर्दा पनि कुनै दोष आउँछ कि भनेर कर्मचारीलाई कामै गर्न नदिने गरी कानुन बनाइएको छ यसलाई सच्याउनुपर्छ ।' महासचिव पोखरेलले कर्मचारीका तीन वटा प्रवृत्ति भएको भन्दै त्यसको पनि व्याख्या गरे ।

महासचिव पोखरेलले स्थानीय तहका कर्मचारीहरु जनतासँग प्रत्यक्ष जोडिने भएकाले जनताको भावना अनुसारको काम गर्नुपर्ने बताए । 'तपाइहरुका समस्या तपाइहरुलाई नै बढी थाहा छ त्यसैले पनि समाधानका उपाय निकाल्ने गरी सरकारलाई सुझाव दिनुहोला' महासचिव पोखरेलले भने ।

गोष्ठीमा केही कार्यपत्र पनि प्रस्तुत गरिएका थिए । पूर्वसचिव यादव कोइरालाले कर्मचारीमा देखिएका




समस्यासँगै समाधानका उपायबारे धारणा राखेका थिए । आयोजक संस्थाका अध्यक्ष नारायणप्रसाद शर्माले स्थानीय तहका कर्मचारीले राम्रो काम गरिरहेको भए पनि बुझाइमा समस्या भएकाले बेलामौका आलोचित हुनुपरेको बताए । 'सेवा प्रवाहलाई कसरी सरल र व्यवस्थित बनाउन सकिन्छ भनेर अन्तरक्रिया गरेका हौं' अध्यक्ष शर्माले भने ।

संघका महासचिव शम्भु बरालले संघले निरन्तर छलफल र संवाद गर्दै आएको बताए । 'हामीमा पनि केही समस्या होलान् त्यो बेग्लै कुरा हो तर एउटा व्यक्ति वा संस्थालाई मात्रै दोष दिएर समस्याको निकास निस्किँदैन' महासचिव बरालले भने 'संघका आगामी कार्यक्रमका बारेमा छलफल गर्र्दै बिगतका कामको समीक्षा गरेका छौं ।'

कार्यक्रममा एमाले पोलिटव्यूरो सदस्य तथा वागमति प्रदेशका पूर्वमन्त्री रामेश्वर फुयाल, पेशागत महासंघ नेपालका अध्यक्ष पुण्यप्रसाद ढकाल, निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनका कार्यबहाक अध्यक्ष भोलानाथ पोखरेललगायतको उपस्थिति रहेको थियो ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १५, २०८१ साल मंसिर ११ गते मंगलबार (Nov 26, 2024)

# नेशनल लाईफले गऱ्यो बागमती प्रदेशका सिईओ क्लब सदस्यलाई सम्मान

**काठमाडौं–** नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि.ले काठमाण्डौस्थित स्मार्ट दरबारमा बागमती प्रदेशबाट आर्थिक वर्ष २०८०/८१ मा तोकिएको बीमा शुल्क संकलन गरी सिइओ क्लब सदस्यता प्राप्त गर्न सफल ६१० जना भन्दा बढि अभिकर्ताहरु, विभागिय प्रमुख, कम्पनीका बागमती प्रदेशका प्रदेश प्रमुख एवं शाखा प्रमुखहरुको सहभागितामा कम्पनीका प्रमुख कार्यकारी अधिकृतको सभापतित्वमा सिइओ क्लब सदस्य सम्मान कार्यक्रम सम्पन्न गरेको छ ।

प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले पानसमा द्विप प्रज्वलन गर्नुहुँदै शुभारम्भ गरिएको सो सम्मान कार्यक्रममा बागमती प्रदेशबाट सिइओ क्लबका सदस्य हुन सफल अभिकर्ताहरुलाई सिइओ क्लब सदस्यता वितरण गरिनुका साथै प्रदेशबाट आफ्नो कोडमा र संजलमा प्रथम द्धित्तिय र तृत्तिय हुन सफल अभिकर्ताहरुलाई विशेष सम्मान तथा पुरस्कृत पनि गरिएको थियो ।

सो अवसरमा प्रमुख कार्यकारी अधिकृतले यस प्रदेशबाट नेशनल रत्न हुन सफल अभिकर्ताहरुलाई पनि नेशनल लाईफ लोगो अंकित चाँदीको मेडल, सर्टिपिकेट र खादाबाट सम्मान गर्नुभएको थियो । समारोहमा प्रमुख कार्यकारी अधिकृतले सिईओ क्लब र नेशनल रत्न अन्तर्गत योग्य हुने अभिकर्ताहरुलाई प्रदेश स्तरिय रुपमा सम्मान कार्यक्रम सम्पन्न गर्दै लाने कम्पनीको योजना अनुरुप मधेश प्रदेश, गण्डकी प्रदेश र कोशी प्रदेशका अभिकर्ताहरु सम्मनित भईसकेको र सोही क्रममा




बागमती प्रदेशका अभिकर्ताहरुलाई सम्मान गरिएको बताउनु हुँदै अन्य प्रदेशहरुमा पनि निरन्तर कार्यक्रम गर्दै जाने बारेमा जानकारी गराउनु भयो ।

वहाँले कम्पनीले अभिकर्ता मैत्री योजना ल्याउने क्रममा अभिकर्ताहरुले सबैभन्दा बढि रुचाएका चेयरपर्सन क्लब सदस्यता वितरण कार्यक्रमकै झल्को दिने गरी स-साना व्यवसाय गर्ने अभिकर्ताहरुलाई समेत समेटी चेयरपर्सन क्लबमा पुराउने उदेश्यले सिइओ क्लबको धारणा ल्याएकोमा नेपालभरबाट २००० जना भन्दा बढि अभिकर्ताहरु यस कार्यक्रममा छनौट हुनुले यो योजना अन्यन्तै सफल भएको बताउनु भयो ।

समारोहमा सिइओ क्लव सदस्य र नेशनल रत्नबाट सम्मानित हुन सफल बिजनेश लिडरहरुले सिइओ क्लबमा प्रमुख कार्यकारी अधिकृतबाट सम्मान ग्रहण गर्न पाउँदा आफूले गरेको मेहनतको कदर भएको र अत्यन्तै गर्व लागेको बताउनु भएको थियो ।

# गरिमा विकास बैंक लिमिटेडद्धारा Road Race Competition–2081 सम्पन्न

**काठमाडौं–** "स्वस्थ जीवनशैली" का लागि खेलकुद भन्ने नाराका साथ गरिमा विकास बैंक लिमिटेडले १८औं वार्षिकोत्सवको अवसरमा मंसिर ८ गते शनिबार आयोजित Road Race Competition–2081 सफलतापूर्वक सम्पन्न भएको छ ।

प्रतियोगिताका प्रमुख अतिथि किर्तिमानी धावक तथा ओलम्पियन श्री बैकुण्ठ मानन्धरद्धारा उद्धाटन गरिएको च्यबम च्वअभ ऋफउभतष्तष्यल को खुल्लातर्फ महिला र पुरुष तथा कर्पोरेटतर्फ महिला र पुरुष गरी कुल ४ वटा प्रतियोगिता आयोजना गरिएको थियो ।

खुल्ला तर्फको १० कि.मी. दुरीको प्रतियोगिता विकास बैंकको केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाण्डौंबाट शुरु भई नारायणगोपालचोक, हात्तीगौडा हुँदै बुढानिलकण्ठ नगरपालिकाको गणेशचोकमा पुगी पूनः लाजिम्पाट, काठमाण्डौं आई समापन हुने गरी रुट तय गरिएको थियो भने कर्पोरेट तर्फको ५ कि.मी. दुरीको प्रतियोगिता विकास बैंकको केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाण्डौंबाट शुरु भई नारायणगोपालचोक पुगी पूनः लाजिम्पाट काठमाण्डौं आई समापन हुने गरी रुट तय गरिएको थियो ।

कुल ६५० जना भन्दा बढी धावकहरुको सहभागिता रहेको उक्त प्रतियोगिताका हरेक विधामा प्रथम, दोश्रो, तेश्रो, चौथो र पाँचौ स्थान हासिल गर्ने निम्न प्रतिस्पर्धीहरुलाई क्रमशः रु.७५,०००/-, रु.६०,०००/-, रु.४५,०००/-, रु.३०,०००/- र रु.१५,०००/- नगद पुरस्कार, मेडल र प्रमाण-पत्र प्रदान गरिएको थियो ।

गरिमा विकास बैंक लिमिटेडका सञ्चालक तथा ओम हस्पिटल तथा रिसर्च सेन्टरका अध्यक्ष डा.आनन्द प्रसाद श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रममा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद उपाध्ययले कार्यक्रमको उद्देश्यको बारेमा प्रकाश पार्नुभएको थियो ।

विकास बैंकका अध्यक्ष श्याम प्रसाद बस्यालले यस किसिमको कार्यक्रमले स्वास्थ जीवनशैली निर्माणमा निकै महत्वपूर्ण भूमिका खेल्ने हुँदा विकास बैंकले प्रत्येक वार्षिकोत्सवमा यस किसिमको प्रतियोगिता सञ्चालन गर्ने जानकारी गराउनु भयो । कार्यक्रममा बोल्दै एथलेटिक्स परिवार नेपाल का अध्यक्ष राजन खत्रीले गरिमा विकास बैंक लिमिटेडले आयोजना गरेको ५ कि.मी.र १० कि.मी.दुरीको प्रतियोगिता नेपालमा आयोजना भएमध्येको हालसम्मकै सर्वाधिक नगद पुरस्कार राशीको प्रतियोगिता भएको बताउनुभयो ।

साथै, विकास बैंकले मिति २०८१ कार्तिक १४ गते नेपाल र बंगलादेशबीच सम्पन्न साफ वुमन्स च्याम्पियनसिप २०२४ फुटवलको फाईनल खेलमा नेपाली महिला फुटवल टिमलाई बंगलादेशको टिम विरुद्ध गर्ने प्रति गोल रु. १ लाखको दरले नगद पुरस्कार प्रदान गर्ने सार्वजनिक घोषणा गरिएकोमा नेपाली टिमले उक्त खेलमा १ गोल गरेकाले घोषणा गरेबमोजिमको




रु. १ लाख नगद पुरस्कार समेत आज आयोजित उक्त कार्यक्रममा अखिल नेपाल फुटवल संघ, राष्ट्रिय महिला फुटवल टिमको प्रतिनिधीलाई हस्तान्तरण गरिएको छ । गरिमा विकास बैंक लिमिटेडले १८औं वार्षिकोत्सवको अवसरमा यस कार्यक्रम सहित देशभर १८ वटा सामाजिक उत्तरदायित्वमूलक कार्यक्रमहरु समेत सम्पन्न गरेको छ । विकास बैंकले यस किसिमको Road Race प्रतियोगिता प्रत्येक वर्ष आयोजना गर्ने लक्ष्य राखेको छ ।

विकास बैंकको १८औं वार्षिकोत्सवको अवसरमा उपस्थित सम्पूर्ण महानुभावहरु सहित स्थापनादेखि हालसम्मको गरिमामय यात्रामा निरन्तर साथ दिनुहुने हाम्रा सेवाग्राही, शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु, सञ्चारकर्मी, कर्मचारी तथा शुभेच्छुकहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई समाज डेन्टल अस्पतालमा विशेष छुट




**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकले समाज डेन्टल अस्पतालमा विशेष छुट पाउने भएका छन् ।

यस सम्बन्धी सम्झौतामा बैंकका ट्रान्जेक्सन बैंकिङ्ग सेल्स तथा विजनेश प्रमुख प्रकाश पौडेल र समाज डेन्टल अस्पतालका प्रबन्ध निर्देशक शंकु घिमिरेले हस्ताक्षर गर्नुभएको छ ।

साथै, बैंकको क्रेडिट कार्ड मार्फत भुक्तानी गर्दा १२ महिनासम्म किस्ताबन्दीमा भुक्तानी गर्न मिल्ने सेवा (ईएमआई) समेत प्रदान गर्ने सम्झौता भएको छ । सम्झौतानुसार बैंकका ग्राहकहरुले समाज डेन्टलमा बैंकको डेबिट क्रेडिट कार्ड र ग्लोबल स्मार्ट प्लस मार्फत भुक्तानी गर्दा ओपीडी दर्ता शुल्क, डाक्टरको परामर्श शुल्क र अस्पतालको आजीवन सदस्यता शुल्कमा शतप्रतिशत छुट पाउनेछन् ।

यसका साथै, बैंकका ग्राहकहरुले एक्सरे बाहेकका सम्पूर्ण सेवा शुल्कमा एकमुष्ठ १० प्रतिशत छुट पाउनेछन् । किस्ताबन्दी सेवाअन्तर्गत बैंकका क्रेडिट कार्डवाहकले समाज डेन्टल अस्पतालमा उपचार बापत खर्च रु. १५,००० देखि अधिकतम रु. ५००,००० सम्मको बिलमा ६ देखि १२ महिनासम्मको सरल किस्ताबन्दीमा भुक्तानी गर्न सक्नेछन् ।

यस्ता विभिन्न किसिमका सुविधाहरुको उपभोग गर्न इच्छुक महानुभावहरुले ग्लोबल आइएमई बैंकको जुनसुकै शाखाबाट आवेदन दिई बैंकको क्रेडिट कार्ड लिन सक्नेछन् । आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समयसान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लाभान्वित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो तथा वित्तीय सूचक अनुसार मुलुककै सबैभन्दा ठुलो वाणिज्य बैंक हो । बैंकले देशका ७७ वटै जिल्ला तथा तीन अन्तर्राष्ट्रिय सम्पर्क-वैदेशिक प्रतिनिधि कार्यालय सहित १,१०० भन्दा बढी सेवा केन्द्रबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंकलाई सबैका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ग्राहकहरुलाई उत्कृष्ट सेवा प्रदान गर्दै लाभान्वित गरिरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउन सहजता प्रदान गर्दै आएको छ ।

# नेपाल उद्योग परिसंघको वरिष्ठ उपाध्यक्षमा वीरेन्द्रराज पाण्डे



**काठमाडौं–** नेपाल उद्योग परिसंघको वरिष्ठ उपाध्यक्षमा वीरेन्द्रराज पाण्डे चयन भएका छन् । परिसंघको आइतबार बसेको गभर्निङ काउन्सिल समितिले परिसंघको विधानअनुरुप पाण्डेलाई वरिष्ठ उपाध्यक्ष चयन गरेको हो ।

परिसंघको विधानअनुसार वरिष्ठ उपाध्यक्ष नयाँ कार्यकालका लागि स्वतः अध्यक्ष हुने व्यवस्था अनुसार आगामी वार्षिक साधारण सभापछि पाण्डे स्वतः परिसंघको अध्यक्ष बन्ने छन् ।

२०७२ सालदेखि परिसंघको राष्ट्रिय परिषद् सदस्यसँगै विभिन्न समितिमा रहेर काम गरिसकेका पाण्डे २०७५ देखि परिसंघको उपाध्यक्ष रहँदै आएका छन् ।

काठमाडौंमा जन्मिएका पाण्डे तीन दशकदेखि निरन्तर निर्माण उद्योगमा सक्रिय छन् । सिभिल इन्जिनियरिङ, आवास र सहरी विकास, सडक तथा पुल, जलस्रोत व्यवस्थापन, संरचनात्मक प्रबलीकरणमा दखल राख्ने पाण्डे नेपाल आदर्श निर्माण कम्पनीका कार्यकारी निर्देशक हुन् । उनी हरित सामाग्री निर्माण, कृषि तथा शिक्षा क्षेत्रमा समेत सक्रिय छन् ।

पाण्डेको लामो अनुभव तथा विज्ञताले परिसंघलाई थप गतिशील बनाउँदै देशको अर्थतन्त्र सुधारका लागि नीतिगत रुपमा उनले महत्वपूर्ण भूमिका खेल्ने विश्वास परिसंघको छ ।

# संस्थागत सामाजिक उत्तरदायित्वमा विशेष योगदानका लागि ज्योति विकास बैंक सम्मानित

**काठमाडौं–** संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत उल्लेखनीय योगदान गर्दै, नेपालका ५१ वटा ग्रामीण, दुर्गम र विभिन्न क्षेत्रका स्वास्थ्य संस्थाहरूमा "न्यानो नानी" परियोजनामार्फत बेबी वार्मर मेसिनको पहुँच पुर्याएकोमा डा. महावीर पुनद्वारा प्रवर्द्धित राष्ट्रिय आविष्कार केन्द्रले ज्योति विकास बैंक लिमिटेडलाई सम्मानित गरेको छ ।

बैंकको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक तथा अध्यक्ष डा.महावीर पुनले बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकाललाई बैंकले पुर्याएको अतुलनीय योगदानप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै विशेष सम्मान-पत्र प्रदान गर्नुभएको थियो ।

विगत ४ वर्ष देखि निरन्तर चलिरहेको "न्यानो नानी" परियोजनामार्फत राष्ट्रिय आविष्कार केन्द्रद्वारा स्वदेशमै निर्मित न्यानो नानी - बेबी वार्मर मेसिनहरु निर्माण तथा आवश्यकता भएका स्वास्थ्य केन्द्रहरुमा जडानका लागि बैंकले वित्तीय सहयोग र बैंकका शाखा कार्यालयहरुको पहल र सहकार्यमा हालसम्म ५१ वटा बेबी वार्मर मेसिन जडान गरिसकेको छ ।

देशका थुप्रै ग्रामीण क्षेत्रका स्वास्थ्य केन्द्रहरूमा बच्चाहरूलाई न्यानो राख्न परम्परागत शैलीमा कोइला र काठ जलाउने जस्ता उपायहरू अपनाइन्छन्, जसले बालबालिकाको स्वास्थ्यलाई थप हानी पुर्याउने जोखिम बढाउँछ ।

नेपालको स्वास्थ्य परिवेश, विशेष गरी दुर्गम क्षेत्रमा हाइपोथर्मियाको दर उच्च रहेको र सो को कारण नवजात शिशुहरूको जीवन जोखिममा पर्ने गरेको दृष्टान्तलाई हृदयङ्गम गर्दै उक्त जोखिमलाई न्यूनीकरण गर्ने अत्यन्त संवेदनशील र महत्वपूर्ण उपकरण स्वास्थ्य संस्थाहरुमा प्रदान गर्ने यस परियोजनालाई बैंकले भविष्यमा समेत निरन्तरता प्रदान गर्नेछ ।

स्वस्थ्य र सुदृढ जनशक्ति नै राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने दृढ मान्यतालाई शिरोधार्य गर्दै, यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहल मार्फत प्रदान गरिएका ५१ वटा बेबी वार्मर उपकरणहरुले हरेक वर्ष करिब १८८७ भन्दा बढी नेपाली शिशुहरुको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ ।

एउटा बेबी वार्मरले हरेक वर्ष ३७ वटा नवजात शिशुको जीवन रक्षा गर्नमा मद्दत गर्छ । यस्ता जीवन रक्षण गर्ने अति संवेदनशील क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक नविनतम परिवर्तनको बीजारोपण गरेको छ ।

नवजात शिशु मृत्युदरका विभिन्न कारणहरु मध्ये अल्पताप (हाइपोथर्मिया) एक प्रमुख कारण हो । विशेष गरी ग्रामीण तथा पहुंच नपुगेका क्षेत्रमा अल्पतापको विद्यमानता उच्च रहेको छ । "न्यानो नानी" बेबी वार्मर नवजात शिशुको शारीरिक तापक्रमलाई उचित राख्न, विशेष गरी निरन्तर नर्सिङ सहयोग आवश्यक पर्ने गम्भीर रुपमा बिरामी शिशु तथा चिसो वातावरणमा उपचार भइरहेका शिशुलाई हाइपोथर्मियाबाट हुनबाट जोगाउन उपयोग हुने अत्यधिक प्रभावकारी चिकित्सा उपकरण हो ।

यसै सन्दर्भमा, डा. महावीर पुनद्वारा प्रवर्द्धित राष्ट्रिय आविष्कार केन्द्रले स्वदेशमै "न्यानो नानी" बेबी वार्मर उत्पादन गर्दै आएको छ । यो उपकरण विदेशबाट आयात गरिएका बेबी वार्मरको तुलनामा ५०५ कम लागतमा निर्माण भइरहेको छ ।

बैंकले यस परियोजनामार्फत स्वास्थ्य क्षेत्रमा जीवनरक्षक उपकरण प्रदान गर्नुका साथै नेपालमै रहेका युवाहरूको सीपलाई उजागर गर्न र स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण प्रयास गरेको छ ।

ज्योति विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको "हाम्रो विकास प्रवर्द्धन कोष" मार्फत कोशी प्रदेशका १३, मधेश प्रदेशका ६, बागमती प्रदेशका १०, गण्डकी प्रदेशका ६, लुम्बिनी प्रदेशका ७, कर्णाली प्रदेशका ७, र सुदूरपश्चिम प्रदेशका २ वटा विभिन्न सरकारी र सामुदायिक अस्पताल तथा बर्थिङ सेन्टरहरुमा "न्यानो नानी" बेबी वार्मर मेसिन जडान गरेको छ ।

साथै, यी विभिन्न अस्पताल तथा स्वास्थ्य केन्द्रका डाक्टर, नर्स लगायत सम्बन्धित कर्मचारीहरूलाई विज्ञमार्फत बेबी वार्मर सञ्चालनसम्बन्धी विशेष तालिम प्रदान गर्न, उपकरण जडान तथा त्यसको उच्चतम सदुपयोग सुनिश्चित गर्न बैंकले विशेष तालिमको लागि पनि समन्वय गर्दै आएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np


# खेलकुद

## न्युकासल घरमै वेस्ट ह्यामसँग पराजित



**काठमाडौं–** वेस्ट ह्यामले इंग्लिस प्रिमियर लिगमा सोमबार न्युकासल युनाइटेडलाई २-० ले हराएको छ र यो जितले क्लबका व्यवस्थापक जुलेन लोपेटगुइलाई धेरै राहत दिएको छ । वेस्ट ह्यामका लागि टोमस सोचेकले हेडबाट पहिलो गोल गरे ।

त्यसपछि आरोन वान-सिकाले दोस्रो हाफमा दोस्रो गोल थपे । सेन्ट जेम्स पार्कको घरेलु मैदानमा न्युकासलले राम्रो प्रदर्शन गरे पनि विपक्षी पोस्ट अगाडि निर्णायक रहन सकेन् । न्युकासल आर्सनल र नटिङ्घम फरेस्टविरुद्धका पछिल्ला खेलको प्रदर्शन यसपल्ट दोहराउन असफल रह्यो ।

वेस्ट ह्यामको खराब प्रदर्शनका कारण प्रशिक्षक लोपेटगुइ दबाबमा रहेका थिए । यस सिजन घरबाहिरको दोस्रो जितपछि वेस्ट ह्यामको १५ अंक भएको छ । न्युकासलले भने हारसँगै शीर्ष ६ मा उक्लने अवसर गुमाएको छ ।

## राष्ट्रिय बिच भलिबल प्रतियोगिता सुकुटेमा

**काठमाडौं –** सातौं महिला तथा आठौं पुरुष राष्ट्रिय बिच भलिबल प्रतियोगिता सिन्धुपाल्चोकको सुकुटे बीचमा हुने भएको छ ।

माघ १ देखि ५ गतेसम्म हुने प्रतियोगिता जिल्ला भलिबल संघ सिन्धुपाल्चोक र सिन्धु सुकुटे पर्यटन व्यवसायी संघले नेपाल भलिबल संघको संयोजनमा गर्न लागेका हुन् ।

उक्त प्रतियोगिताका लागि सोमबार राजधानीमा भलिबल संघसँग व्यवसायी संघले सम्झौता गरेको छ । संघका महासचिव रोशन श्रेष्ठ र व्यवसायी संघका अध्यक्ष महेन्द्रसिंह थापाले प्रतियोगिताका लागि सम्झौता



आदानप्रदान गरे ।

दुवैतर्फ सात प्रदेश र तीन विभागीय टिम गरी समान १० टिमले प्रतिस्पर्धा गर्नेछन् ।

## ज्ञान संस्कारबाट भलिबलकी उषा सम्मानित




काठमाडौं- राष्ट्रिय महिला भलिबल टोलीकी खेलाडी उषा भण्डारीलाई सोमबार ज्ञानसंस्कार स्कुलले राजधानीमा सम्मान गरेको छ ।

नेपाली भलिबल र समग्र खेलकुदलाई उचाइमा पुऱ्याउन भूमिका खेलेकाले सम्मान गरिएको हो । हरेक वर्ष आयोजना हुने खेलकुद कार्यक्रमको समापनमा उनलाई सम्मान गरिएको हो । खेलकुद सप्ताहमा ब्याडमिन्टन, कबड्डी, बास्केटबल, बुद्धिचाल, स्केटिङलगायत १९ खेल समावेश थियो । उषाले विभिन्न खेलका विजेतालाई पुरस्कृत गरेकी थिइन् ।

स्कुलकी प्रधानाध्यापक नीलम बानियाँ बडुले भलिबल मात्र नभई नेपाली खेलकुदलाई प्रवर्द्धन गर्न उषाले ठूलो योगदान गरेकाले योगदानस्वरुप सम्मान गर्न पाउँदा स्कुल परिवार खुसी रहेको बताइन् ।

उषा विभागीय टोली नेपाल पुलिस क्लबबाट व्यावसायिक भलिबल खेल्छिन् । उषाले ज्ञानसंस्कार स्कुलले खेलकुदमा गरेको योगदानको प्रशंसा गरिन् । उनले स्कुलबाट सम्मान पाउनु खेलाडीका लागि खुसीको क्षण हुने बताइन् ।

# उजाडिदै रारा राष्ट्रिय निकुन्ज

**काठमाडौं–** रारा राष्ट्रिय निकुञ्ज दिन प्रतिदिन उजाड बन्दै गएको छ । रारा तालको सुन्दरतासँगै १ हजार २४ प्रजातिका बनस्पतिले घेरिएको घना बनजङ्गलमा पछिल्लो समयमा काठ दाउरा चोरी निकासी हुन थालेपछि उजाडिन थालेको छ ।

निकुन्जको संरक्षणका लागि राज्यले करोडौं रकम खर्च गरेपनि सरोकारवाला निकायको लापरबाहीका कारण वन उजाड बन्दै गएको हो ।

२०३२ सालमा स्थापना भएको रारा राष्ट्रिय निकुञ्जको क्षेत्रफल १ सय ६ वर्ग किलोमिटर रहेको छ । २०६३ सालमा मध्यवति क्षेत्र घोषण भएको १ सय ८९ वर्ग किलोमिटर बफरजोन क्षेत्र रहेको छ ।

रारा राष्ट्रिय निकुञ्जले जुम्ला र मुगु जिल्लालाई ओगटेको छ । पछिल्लो समयमा राज्यको निति अनुसार मध्यवर्ति क्षेत्र निकुञ्ज छेउछाउमा रहेका बस्तीहरुलाई सहजताको लागी बफरजनको निति ल्याएपछि वफरजनमा केही अधिकार दिए पछि निकुञ्ज भित्र रहेका बनस्पति, बन्यजन्तु,जडिबुटी,जलचर थलचर,काठ दाउराको बढी चोरी निकासी हुन थालेको छ .

निकुञ्ज स्थापना भएको १५,२० बर्ष पछिसम्म निकै घना बनजङ्गल थियो । तर



पछिल्लो समय हेर्दा धना बनजङ्ग देखीए पनि भित्र पुरै रारा राष्ट्रिय निकुञ्जको बन मासिदै गएको छ ।

२०३२ देखी ३६ सालसम्म रारा तालको किनारमा घुम्न पशु चौपाय चराउन आउँदा बनजङ्गल बाक्लो देखिन्थ्यो । त्यस्तै चराचुरीङ्गी, बदेल, माछा, फुलहरु धेरै भेटीने गरेको थियो । पछिल्लो समयमा छाडा पशुचौपाया चरीचराउ, चोरी शिकारी, तिब्र काठ दाउरा चोरीको कारण निकुञ्ज उजाड हुँदै गएको छ ।

यसको संरक्षण गर्न सबै सरोकारवालाहरुले कडाईका रुपमा लाग्न' पर्ने नागरीक अगुवा रुप बहादुर मल्लको भनाइ छ । पर्यापर्यटनको गन्तब्य मानिने रारा राष्ट्रिय निकुञ्जमा पछिल्लो समय कानुन बिपरीतका संरचना निर्माणदेखि विभिन्न परियोजनाहरुको दुरुपयोग हुने गरेको छ । रारा राष्ट्रिय » बाकी ६ पृष्ठमा

# आलुको व्यावसायिक खेती गर्न एक करोड ५० लाख विनियोजन



**पर्वत-** खायन आलुको व्यावसायिक खेती गर्न कृषि विकास निर्देशनालयले रु एक करोड ५० लाख विनियोजन गरेको छ । यो वर्ष जिल्लाका सातवटै पालिकाका एक सय १० हेक्टरमा व्यावसायिक रूपमा आलुखेती गरिने कृषि ज्ञान केन्द्रले जनाएको छ ।

गण्डकी प्रदेश सरकारले किसानलाई आलुखेतीतर्फ आकर्षित गर्दै जिल्लालाई आलु उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले गत वर्षदेखि यो कार्यक्रम लागू गरिएको हो । आर्थिक वर्ष २०८०र८१ मा एक सय ५२ हेक्टरमा आलुखेती गरिएको थियो । यस वर्ष गत वर्षको तुलनामा ५० प्रतिशतले बजेट कटौती भएकाले क्षेत्रफल पनि घटाइएको कृषि ज्ञान केन्द्रका बागवानी विकास अधिकृत शङ्कर पौडेलले बताए ।

गत आवमा खायन आलु विस्तारका लागि प्रदेश सरकारबाट रु तीन करोड विनियोजन भएको थियो । खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत जिल्लाभर ५४ वटा समूह तथा सहकारीमार्फत आलुखेती लगाइने छ । हिउँदे र बर्खेगरी दुई सिजनमा लगाइने आलुखेतीलाई जिल्लाको निर्यातयोग्य बालीका रूपमा विकास गरिने योजना रहेको कार्यालयले जनाएको छ ।

गत आवमा जिल्लाभर तीन हजार तीन सय ५० मेट्रिक टन आलु उत्पादन भएको थियो । आलु बेचेर रु आठ करोड आम्दानी भएको केन्द्रले जनाएको छ । पर्वतमा जनकदेव, खुमल, उज्ज्वल, खुमल सेतो, एमएस-४२, कुफ्री, ज्योति, ताराखोला जातका आलु राम्रो उत्पादन हुने गरेको छ । प्रतिहेक्टर न्यूनतम २६ मेट्रिक टनदेखि अधिकतम ४६ मेट्रिक टनसम्म उत्पादन भएको केन्द्रका बागवानी विकास अधिकृत पौडेलले बताए । यसबाट उपभोगका लागि किसानहरूलाई खरिद गर्न नपर्नुका साथै बिक्रीबाट राम्रो आम्दानी हुने पौडेलले बताए ।

आलुखेतीमा लागेका किसानलाई अनुदान रकमबाहेक केन्द्रले यान्त्रिकीकरण, मल र बीउमा सहयोगका साथै नियमित रूपमा अनुगमन पनि गर्दै आएको छ । किसानलाई ७५ प्रतिशत अनुदानमा बीउ उपलव्ध गराएको छ ।

कार्यक्रम सुरु हुनुपुर्व जिल्लाका उत्तरी क्षेत्रमा पर्ने शालिजा, लेखफाँट, बनौ, बाँसखर्क र दक्षिणी भेगका भोक्सिङमा मुख्य बालीका रूपमा आलुखेती हुने गरेको थियो । जिल्लाको एक हजार तीन सय हेक्टर जमिन आलु उत्पादनका निम्ति उर्वर मानिन्छ । उक्त क्षेत्रमा १३ हजार सात सय ७५ मेट्रिक टन आलु उत्पादन हुने केन्द्रका प्रमुख परशुराम अधिकारीले बताए ।

# पर्यटकको प्रतीक्षामा ‘सानो आँधीमूल’

**दमौली–** बन्दीपुर गाउँपालिका-५ भुजेल गाउँ राहेके चित्ताकर्षक सानो आँधीमूल संरक्षणसँगै पर्यटकको प्रतीक्षामा छ ।

प्राकृतिक छटाले भरिपूर्ण यो स्थानको समुचित विकास गर्न सके आन्तरिकमात्र होइन बाह्य पर्यटकलाई आकर्षित गर्न सकिने स्थानीयहरू बताउँछन् ।

आँबुखैरेनी गाउँपालिका-१ यान्चोकस्थित आँधीमूलकै झल्को दिने मूल भएको सानो आँधीमूलको संरक्षण भएमा धार्मिक पर्यटकीयस्थलका साथै वनभोजस्थलका रूपमा स्थापित गर्नसकिने स्थानीयवासी नारायण लामिछाने बताउँछन् ।

आँधीमूल धार्मिक पर्यटकीय गन्तव्यस्थलका रूपमा प्रख्यात रहेकाले यसलाई पनि सोहीस्थानलाई झै विकास गर्नुपर्ने उनी बनाउँछन् ।

सौन्दर्य बढाएको छ । सो क्षेत्रआसपासमा ४८ रोपनी सरकारी जग्गा रहेकाले यसलाई वनभोजस्थलका रूपमा विकास गर्न सकिने लामिछानेको तर्क रहेको छ ।



सो स्थानमा मन्दिर, पोखरी, पाटी, भवनलगायत पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गर्न गाउँपालिकालाई आग्रह गरिएको स्थानीयवासी तामप्रसाद भट्टले बताए ।

बन्दीपुर गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले उक्त ठाउँको प्रवर्द्धनका लागि पालिकाले सहयोग गर्ने प्रतिद्धता व्यक्त गरेका छन् ।

आगामी बजेटमा उक्त स्थानको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्न रकम विनियोजन गरिने उनले बताएका छन् ।

‘बन्दीपुर पर्यटकीय स्थान हो । सानो आँधीमूलसम्म पुग्न कच्ची बाटो, विद्युतलगायत पूर्वाधारको व्यवस्था भएको छ । पृथ्वी राजमार्गको याम्पाफाँटबाट-थुम्का-भुजेल गाउँ हुँदै उक्त स्थानमा पुग्न सकिन्छ ।’ उनले बताए

# रास्वपाका सभापति रवि लामिछाने लाइ पुनः १५ दिन म्याद थप

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेले आफूलाई थुनाबाहिर राखेर अनुसन्धान गर्न अदालतसँग आदेश माग गरेका छन् । आज पाँचौ पटक म्याद थपका लागि जिल्ला अदालत कास्कीमा उपस्थित गराइएका उनले न्यायाधीश हिमलाल बेल्बासेसँग त्यस्तो आग्रह गरेको बताइएको छ ।

इजलासमा उपस्थित एक अधिवक्ताका अनुसार करिब डेढ घण्टाको बहसपछि लामिछानेले न्यायाधीश बेल्बासेसँग ‘श्रीमान् एउटा बिन्ती बिसाउन चाहन्छु’ भन्दै समय मागेका थिए । इजलासले संक्षिप्त कुरा राख्न भनेपछि उनले लामिछानेले बाहिर नै बसेर कानुनी मुद्दा लडने वातावरण बनाइदिन आग्र गदछु भनि अनुरोध गरेका छन ।

लामिछानेको भनाई उद्धृत गर्दै ती अधिवक्ताले भने, ‘श्रीमान्, मैले शुरुका दिनदेखि नै भन्दै आइरहेको छु कि म अदालतलाई सहयोग गर्छु भनेर । म यो देश छाडेर अन्त कहाँ जाउँला र ? न म कहिँकतै भाग्ने अवस्था छ । एक जिल्लाबाट अर्को जिल्ला जान परे पनि बरु म अनुमति लिएरै हिँडुला । तर, बिन्ती श्रीमान् !, म एउटा पार्टीको सभापति हुँ । मैले गर्नुपर्ने कामहरु बाहिर धेरै छन् । मलाई छाड्न आदेश दिइयोस् ।’

न्यायाधीश बेल्बासेले भने अन्य जिल्ला अदालतबाट पनि पक्राउ पुर्जी जारी भएको स्मरण गराए । ‘तपाईविरुद्ध अन्य कुन-कुन जिल्ला अदालतले पक्राउ पुर्जी दिएका छन्, बिर्सनुभयो ? छुटेको पाँच मीनेटमा फेरि पक्राउ पर्नुहुन्छ’, न्यायाधीशको जवाफ थियो ।

लामिछानेले त्यसपछि पनि इजलाससामु केही भन्न खोजेका थिए । तर, न्यायाधीश बेल्बासेले थप १५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीले अनुमति पाएको आदेश सुनाएपछि उनलाई पुनः कास्की प्रहरीको हिरासतमा नै लगिएको छ ।

# नदी किनारामा थप २० मिटर जग्गा छोड्नुपर्ने फैसलाको पुनरावलोकन गर्न सर्वोच्चको अनुमति




सर्वोच्च अदालतले काठमाडौं उपत्यकाका नदी किनारामा तोकिएको मापदण्डभन्दा थप २० मिटर जग्गा छोड्नुपर्ने फैसलाको पुनरावलोकन गर्न अनुमति दिएको छ ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू कुमार चुडाल र नित्यानन्द पाण्डेयको इजलासले सर्वोच्चकै न्यायाधीशहरू आनन्दमोहन भट्टराई र विनोद शर्माको संयुक्त इजलासले पुस ३ गते गरेको फैसलाको पुनरावलोकन गर्न अनुमति दिएको हो ।

अब यो मुद्दाको पुन सुनुवाइको प्रक्रियामा जाने सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुईकेलले जानकारी दिईएका हुन् ।

'नयाँ मुद्दा दर्ता गर्ने कि नगर्ने भन्ने निवेदनमा सुनुवाइ भयो । इजलासले पुनरावलोकनको अनुमति दिएको छ । अब यसअघि भएको फैसला स्थगन भयो । फेरि नयाँ मुद्दा दर्ताको प्रक्रियामा गएको छ, नियमित काममा अगाडि बढ्छ,' उनले भने ।

पुस ३ गतेको फैसलाले नदी किनारामा बसिरहेकाहरूलाई पैसा दिएर भएपनि जग्गा खाली गराउन र नदी किनारामा थप २० मिटरसम्म कुनै पनि संरचना बनाउनबाट रोक्न परमादेश गरेको थियो ।

सरकारले २०६५ सालमै ठूला नदीमा २० मिटर बहाव क्षेत्र छोड्नुपर्ने नीति तय गरेको थियो । सर्वोच्चले त्यसमा थप २० मिटर छाड्ने परमादेश जारी गरेको हो ।

उक्त परमादेश विरूद्ध काठमाडौं उपत्यका नदी किनारामा बसोबास गर्दै आएकाहरूले प्रदर्शन गर्दै आएका छन् ।

यस विषयमा काठमाडौं उपत्यका मेयर्स फोरमले पनि यसमा पुनरावलोकन गराउन सरकार सँग माग गरेको थि

त्यससँगै भदौ ३१ गते सरकारले महान्यायाधिवक्ता कार्यालयमार्फत सर्वोच्च अदालतमा निवेदन दिएका थिए ।

यो पनि नदी किनारामा थप २० मिटर जग्गा छोड्नुपर्ने फैसला पुनरवलोकन गर्न सरकारको निवेदन

यसअघि दुई जना न्यायाधीशको इजलासले आदेश गरेको हुँदा त्यसबारे पुनरावलोकनमा जाँदा तीन जना न्यायाधीशको इजलासले निर्णय गर्नुपर्ने व्यवस्था छ । त्यसअनुसार बिहीबार बसेको उक्त इजलासले त्यसबारे निर्णय लिएको हो ।

यसअघिको फैसलाबारे अध्ययन गर्न सरकारले कार्यदल समेत बनाएर अध्ययन गरेको थियो । उक्त कार्यदलले फैसला कार्यान्वयन गर्न ४ खर्ब मुआब्जा दिनुपर्ने निष्कर्ष निकालेको थियो । त्यसपछि सरकारले पुनरावलोकन गरेको हो ।

थप २० मिटरमा संरचना बनाउन नपाइने सर्वोच्चको आदेशले धेरै व्यक्तिको आवासमा नोक्सान पुग्ने र सरकारले मुआब्जा दिएर लिन पनि सात वर्षको विकास बजेट लाग्ने भएकाले कार्यान्वयन गर्न सम्भव नहुने भन्दै पुनरवलोकन हुनुपर्ने जिकिर निवेदनमा थियो ।

'देशको सात वर्षको विकास बजेट जस्तो विशाल धनराशी एउटै योजनाको लागि खर्च गर्न सम्भव नभएको तथ्य उल्लिखित समितिको प्रतिवेदन प्राप्त भएपछि अवगत हुन आएको कारण सम्मानित अदालतको उल्लिखित इन्साफमा नै तात्विक असर पर्ने देखिएको छ । निवेदनमा भनिएको थियो ।

पृष्ठ १ बाट जारी

### काउन्सिल...

साथ स्थान दिइ प्रसारण भएकाप्रति काउन्सिलको ध्यानाकर्षण भएको छ", विज्ञप्तिमा भनिएको छ,"त्यस किसिमका सामग्री सम्प्रेषण हुनु प्रचलित कानुन एवं पत्रकार आचारसंहिताविपीत कार्य हुन् । त्यस्ता गलत, निराधार, अफवाहपूर्ण, भ्रमपूर्ण, अतिरञ्जित शीर्षक दिइ जनमानसमा भ्रम फैलाउने, अमर्यादित सामग्री सम्प्रेषण भइ आचारसंहिता उल्लङ्घन गर्नेमाथि कारबाही प्रक्रिया अघि बढाइएको छ ।"

यसैगरी काउन्सिलले पत्रकारिताका मूल्यमान्यताविपरीत गलत, समाजमा उत्तेजना फैलाउने, हिंसा, एवं द्वन्द्वलाई प्रश्रय दिने, प्रायोजित एव) पक्षपोषणयुक्त घृणा तथा द्वेष फैलाउने सामग्री नगर्न नगराउन सबैलाई आग्रहसमेत गरेको छ ।

यसैबीच अध्यक्ष बालकृष्ण बस्नेतले मिडियाको परिचय दिई सूचना सामाग्री दिने कुनै पनि माध्यम कानुन र पत्रकार आचारसंहिताको सीमामा बस्नुपर्ने बताएका छन् ।

पृष्ठ १ बाट जारी

### विष्णुमति करिडोर...

जग्गा संरक्षण समिति' निर्माण गरी सार्वजनिक जग्गा मिचेर अवैध रूपमा निर्माण गरिएका संरचना हटाएको हो ।

नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले टोखावासीलाई विष्णुमती करिडोरबाट आवतजावत लागि सहज होस् भन्ने उद्देश्यले डोजर लगाइएको बताउनुभयो । टोखाभित्र एक हजारभन्दा बढी रोपनी सार्वजनिक जग्गा अतिक्रमण भएको भन्दै यसलाई संरक्षण गर्ने योजना नगरपालिकाको रहेको उनको भनाइ थियो ।

नगरपालिकाका उपप्रमुख मुरारी तामाङले टोखाभित्रको सार्वजनिक सम्पत्ति संरक्षणका लागि नगरपालिकाले काम गरिरहेको बताए । नगरपालिकाले पहिलो चरणमा मनोरथ तीर्थदेखि टोखा प्रहरी चौकीसम्म विष्णुमति करिडोर आसपासमा निर्माण गरिएका संरचना हटाएको थियो । नगरपालिकाले केही दिनअघि सूचना जारी गरेर सार्वजनिक जग्गामा बनेका संरचना हटाउन नगरवासीलाई आग्रह गरेको थियो ।

## झापाबाट एघार करोडको चिया निर्यात



**काठमाडौं–** नेपाल बहुउद्देश्यीय सहकारी संस्था एनएमसी ले रु ११ करोड ४३ लाख ६१ हजार बराबरको चिया भारत निर्यात गरेको छ संस्थाले तीन लाख ६४ हजार ४४ केजी तयारी चिया निर्यातबाट उक्त रकम आर्जन गरेको हो ।

"गुणस्तरीय चिया उत्पादनमा जोड दिइरहेका छौँ । चियाखेती गर्ने किसान हाम्रो सहकारीका सदस्य हुनुहुन्छ । चियाखेती किसानहरूले गर्नुहुन्छ, हामी पत्ती किनेर तयारी चिया उत्पादन गर्छौं ", संस्थाका व्यवसाय प्रमुख रवीन्द्र पाण्डेले भने ।

इलामको सूर्योदय- १, माइजोगमाई-१ र झापाको मेचीनगर-५ मा संस्थाले तीनवटा चिया प्रशोधन कारखाना सञ्चालनमा ल्याएको छ । इलाममा उत्पादित चियालाई उपभोक्ताले रुचाएकाले त्यहाँ उत्पादित हरियोपत्ती संस्थाले खरिद गर्दै आएको छ । संस्थामा तीन सय ५० जना चिया किसान आबद्ध रहेका र चिया व्यवसायमा रु १३ करोड लगानी भएको उनले बताए ।

संस्थाको चिया व्यवसायमा ५२ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । संस्थाले 'एनएमसी' ब्रान्डमा ब्ल्याक टी, अर्थोडक्स टी र ग्रीन टी उत्पादन गर्दै आएको छ । उत्पादित चियामध्ये १० प्रतिशत स्वदेशमा खपत हुने र बाँकी निर्यात हुँदै आएको जानकारी उनले दिए ।

बचत तथा ऋण कारोबार, कृषि फार्म, डेरी उद्योग र सहकारी 'सुपर मार्केट' सञ्चालन गरिरहेको उक्त संस्थाले किसानबाट सोझै चियापत्ती खरिद गरेपछि उनीहरू लाभान्वित भएका छन् । उनीहरूले अघिल्लो महिनाको भुक्तानी सहज रूपमा हरेक महिनाको १५ गते पाउने गरेका छन् ।

अन्तराष्ट्रिय

## पाकिस्तानमा इमरान समर्थकको प्रदर्शन चर्कियो



**इस्लामावाद –** पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानको रिहाइको माग गर्दै सुरु भएको प्रदर्शन चर्किएको छ । खैबर पख्तुनख्वा प्रान्तको राजधानी पेसावरबाट आएका खान समर्थकहरू इस्लामावाद प्रवेश गने ' क्रममा विभिन्न स्थानमा झडप भएको पाकिस्तानी सञ्चार माध्यमले जनाएका छन् ।

प्रमुख सरकारी भवनहरू नजिकैको 'डी चोक (डेमोक्रेसी स्क्वायर) पुग्ने क्रममा सशस्त्र सुरक्षाकर्मीले प्रदर्शनकारीमाथि अश्रुग्यास प्रहार गरेका छन् । डी चोकनजिकै प्रधानमन्त्रीको कार्यालय, संसद् भवन र सर्वोच्च अदालत लगायत कैयौं महत्त्वपूर्ण सरकारी भवन छन् ।

हजारौं खान समर्थक सोमबार पेशावरबाट इस्लामावादतर्फ अघि बढेसँगै सुरक्षाकर्मीले राजधानी प्रवेश गर्ने सडकहरू बन्द गरिदिएका थिए । तर प्रदर्शनकारीहरू सुरक्षाकर्मीका अवरोध तोड्दै राजधानी पुगेका हुन् । त्यसक्रममा केही घाइते भएका छन् भने प्रहरीले दर्जनौं प्रदर्शनकारीलाई पक्राउ गरेको छ । इस्लामावाद प्रवेश गर्ने क्रममा प्रदर्शनकारीले चलाएका तीव्र गतिका गाडीले ठक्कर दिएर कम्तीमा ४ जना प्रहरीको ज्यान गएको जनाइएको छ । म्झयलकतचबतष्यलक या क्षचबल'क कगउउयचतभचक ष्लतभलकषष्भम ष्ल एबपष्कतबल

प्रहरीलाई ठक्कर दिएका गाडी कसले चलाइरहेको थियो भन्ने स्पष्ट नभए पनि प्रधानमन्त्री शेहबाज सरिफले प्रदर्शनकारीहरूलाई दोष दिएका छन् । 'तथाकथित शान्तिपूर्ण विरोध प्रदर्शनको आडमा प्रहरी तथा सुरक्षाकर्मीमाथिको आक्रमण निन्दनीय छ,' उनले भनेका छन् ।

कतिपय स्थानमा प्रदर्शनकारीहरू सडक अवरुद्ध गर्नका लागि राखिएका कन्टेनरमा चढेको जनाइएको छ । प्रदर्शन चर्किएसँगै राजधानी र वरपरका कतिपय क्षेत्रमा मोबाइल तथा इन्टरनेट सेवा निलम्बन गरिएको छ ।

पेसावरबाट राजधानी आएको विशाल र्‍यालीको नेतृत्व खानकी पत्नी बुसरा बीबी र पख्तुनख्वा प्रान्तका मुख्यमन्त्री अली अमीन गण्डापुरले गरेका हुन् । खान पत्नी बीबीले पूर्वप्रधानमन्त्री खानलाई रिहा नगरिएसम्म प्रदर्शन जारी रहने चेतावनी दिएको बीबीसीले जनाएको छ । जनवरीमा खानसँगै सजाय सुनाइएपछि जेल परेकी बीबी अक्टोबर अन्त्यमा जमानतमा रिहा भएकी हुन् ।

खानको पार्टी पाकिस्तान तेहरिक-ए-इस्लाम (पीटीआई) का प्रवक्ताले माग पूरा नभएसम्म खान समर्थकहरू संसद् भवनबाहिर धर्नामा बस्ने समाचार संस्था रोयटर्ससँग बताएका छन् । खानलाई बिनाशर्त रिहाइ गर्नुपर्ने उनीहरूको मुख्य माग छ ।

यसअघि खानले आफ्ना समर्थकहरूलाई विरोध प्रदर्शनका लागि आग्रह गरेका थिए । सरकारले आफ्ना माग सम्बोधन नगरेसम्म खानले समर्थकहरूलाई राजधानीमै बस्न आह्वान पनि गरेका छन् । आइतबार राति पनि खान समर्थकहरूले कतिपय स्थानमा खानको रिहाइको माग गर्दै नाराबाजी गरेका थिए ।

७२ वर्षीय खानले भ्रष्टाचारको आरोपमा तीन वर्षको जेल सजाय भोगिरहेका छन् । तर उनले आफूमाथि सुनियोजित तवरले मुद्दा लगाइएको बताउँदै आएका छन् । कानुनी रूपमा दोषी ठहर गरिएको भए पनि उनी पाकिस्तानमा अझै लोकप्रिय छन् ।

गत सेप्टेम्बरमा पनि दसौं हजार खान समर्थकले देशका विभिन्न स्थानमा प्रदर्शन गरेका थिए । खानको रिहाइको माग गर्दै प्रदर्शनकारीहरू राजधानी इस्लामावादतर्फ अघि बढेपछि सरकारले जुलुस निकाल्न प्रतिबन्ध लगाएको थियो । तर प्रदर्शनकारीले सरकारी प्रतिबन्धको उल्लंघन गरेका थिए ।

## कुमारी बैंकद्वारा बेलबारीमा उद्यमी प्रशिक्षण कार्यक्रम सम्पन्न

**काठमाडौं–** युएसएड (USAID) सँगको साझेदारीमा "देशै भरि बर्षै भरि" उद्यमशिलता विकास एवं प्रवर्द्धनका लागि नियमितरुपमा उद्यमी प्रशिक्षण अभियान सञ्चालन गरिरहेको कुमारी बैंकले बेलबारी नगरपालिका, मोरङ्गसँगको समन्वयमा बेलबारीका उद्यमीहरुको व्यावसायिकता विकासका लागि प्रशिक्षण कार्यक्रम संपन्न गरेको छ ।




वित्तिय ज्ञान, सिप, मनोबृद्धि तथा व्यवहार विकासबाट मात्रै व्यवहारिकरुपमा उद्यमशिलता प्रवर्द्धन तथा विकास हुने विश्वास लिएको कुमारी बैंकले यस अभियानमा सर्वसाधारणहरुको विषयगत संवेदनशीलतालाई सहजै बुझ्न सकिने गरि वित्तिय उद्यमी प्रशिक्षण, वित्तिय साक्षरता पुस्तिका, कुमारीजी एप, राष्ट्रियस्तरमा ख्यातिप्राप्त कलाकारहरुको अभिनय सहितका सन्देशमुलक भिडियोहरु, सचेतनामुलक सन्देशहरु विकास गरि नियमितरुपमा प्रकाशन तथा प्रशारण समेत गरिरहेको छ ।

उद्यमी प्रशिक्षणबाट हरेक स्थानिय निकायमा रहेका उद्यमी सोचहरुको प्रवर्द्धन तथा विकासमा टेवा पुऱ्याउदै आर्थिकरुपमा समृद्ध परिवार, समाज तथा राष्ट्र निर्माणमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ ।

विगत २३ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले अनवरतरुपमा वित्तिय साक्षरता प्रवर्द्धन गर्दै आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१९ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखा रहित बैंकिङ्ग ईकाईहरु मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ ।

# मीनाको 'मनोकाङ्क्षा' मुक्तक सङ्ग्रह लोकार्पण




**काठमाडौं-** नेपाली साहित्यमा अहिले मुक्तकको लोकप्रियता निकै छ । छोटो, मिठो र चोटिलो विधा मुक्तकमा सबैको आकर्षण बढ्दो छ । मुक्तककार मीना चौलागाईंले मङ्सिर ८ गते शनिबार काठमाडौंमा आफ्नो दोस्रो मुक्तक कृति मनोकाङ्क्षा ल्याउनु भएको छ । नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति भूपाल राईलगायतका अतिथिहरूले सो कृतिको पारिजात कक्षमा लोकार्पण गर्नु भयो ।

प्रमुख अतिथि कुलपति राईले मुक्तकले घटनाप्रधान र विषय वस्तुको प्रभाव जन्य झट्का उत्पन्न गर्न सक्नुपर्ने बताउनु भयो । मुक्तक दर्शनढुङ्गा र चकमक ठोस्दा निस्किने झिल्को जस्तै बन्न सक्नुपर्ने उहाँको भनाइ थियो । मुक्तककार मीना चौलागाईंका मुक्तक भावोत्पादक र सामयिक मूल्यबोध गर्न सक्षम रहेको राईले बताउनु भयो ।

प्राज्ञ डा. कौशिला रिसालले मीना चौलागाईंद्वारा रचित 'मनोकाङ्क्षा' को समीक्षा गर्दै मुक्तक सङ्ग्रहमा प्रेम तथा शृङ्गारिक मनोभावना व्याप्त रहेको बताउनु भयो । कृतिकारले मुक्तकमा सुखदुःखका कुरा, यथार्थ अनुभूति, मातृप्रेम, मानवीय संवेदना र आरोहअवरोह चित्रण गर्न सक्षम भएको दाबी गर्नुभयो ।

समारोहमा वरिष्ठ मुक्तककार ज्ञानुवकर पौडेल, नियात्राकार प्रतीक ढकाल, कवि- कलाकार रमेश पौडेल, मुक्तककार सुनिल अधिकारी, कृतिकारकी गुरु कोमल ढुङ्गाना कृतिकारकी सुपुत्री आयुश्री चौलागाईंले कृति र कृतिकारको चर्चा गर्दै शुभकामना मन्तव्य व्यक्त गुर्न भएको थियो ।

लोकार्पित मुक्तक सङ्ग्रह बाट पार्वती भट्ट, कार्मु चौलागाईं, प्रकाश बस्नेत गफाडी र निलाञ्जला भारद्वाजले तीन/तीनवटा मुक्तक वाचन गरेर सुनाउनु भएको थियो ।

नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोनेको अध्यक्षतामा महासचिव यादव भट्टराईको उदघोषण र प्रतिष्ठानका केन्द्रीय सदस्य दिव्य गिरीले स्वागत मन्तव्य दिनु भएको थियो । कृतिकार चौलागाईंले आफू पहिलेदेखि नै मुक्तक विधामा प्रतिबद्ध भएर लागेको र यो दोस्रोकृतिबाट थप जिम्मेवारी महसुस भएको जाकारी दिनु भयो । मनोकाङ्क्षामा विभिन्न भाव र विषयका ३१२ वटा मुक्तक समेटिएका छन् ।

# महेश काफ्लेको 'धन्यवाद मायालु' सार्वजनिक



**काठमाडौं-** "धन्यवाद मायालु" बोलको गीत सार्वजनिक भएको छ ।

गायक महेश काफ्लेको एकल स्वर रहेको गीत बिहीबार युट्युबमा रिलिज भएको हो । उनकै शब्द तथा संगीत रहेको गीतलाई उदयराज पौडेलले एरेन्ज गरेका छन् ।

भिडिओमा सिम्पल खरेल, महेश काफ्ले, प्रभातपाल ठकुरी र निमा पाण्डे फिचर्ड छन् । प्रेम-विछोडको कथामा भिडिओ बनाइएको छ ।यसमा हरि हुमागाईंको निर्माण तथा निर्देशन छ ।

# "एक्टिङ स्टार"का विजेताले फिल्म खेल्न पाउने




गायन, डान्सिङ र कमेडी रियालिटी शोको जगजगी रहेको समयमा अब अभिनय विधामा आधारित रहेर नयाँ रियालिटी शो 'एक्टिङ स्टार' आउने भएको छ । यसका लागि केही महिनाअघि डिजिटल अडिसनको आह्वान गरिएको थियो । अहिलेसम्म ५०० बढीले भिडियोसहित आवेदन दिइसकेको कार्यक्रम निर्माण कम्पनी महक मिडिया नेटवर्कले जानकारी गराएको छ ।

डिजिटल अडिसनबाट छनोट हुने हरेकलाई उनीहरुकै ठाउँमा गएर सहभागिताको प्रमाणपत्र प्रदान गरिने जनाइएको छ । अब फिजिकल अडिसनमार्फत् २४ जनालाई छनोट गरेर प्रतियोगिता सुरु गरिने शोका निर्देशन विशाल भण्डारीले जानकारी दिए । शोको प्रशारण संस्था (टेलिभिजन) र निर्णायक (जज) भने केही दिनमा सार्वजनिक गरिने उनले बताए ।

'एक्टिङ स्टार'मा भाग लिन इच्छुकले अझै पनि मंसिर ३० गतेभित्र दुई मिनेटसम्मको प्रस्तुतिसहितको भिडियो पठाउन सक्नेछन् । यसका विजेताले नगद पुरस्कार राशीसहित फिचर फिल्ममा काम गर्ने अवसर पाउने जनाइएको छ । अभिनयमा रुचि हुने व्यक्तिलाई आफ्नो कला प्रस्तुत गर्न 'एक्टिङ स्टार' उपयुक्त प्लेटफर्म बन्न सक्ने देखिन्छ ।

# सौगातको "बम बहादुर" पुष ५ मा आउने



अभिनेता सौगात मल्लको शीर्ष भूमिका रहेको फिल्म 'बम बहादुर' अब आगामी पुष ५ गतेबाट प्रदर्शनमा आउने भएको छ । पुष १० गते परेको इसाई समुदायको मुख्य चाड क्रिसमस डेको विदालाई लक्षित गरेर फिल्मलाई प्रदर्शन गर्न लागिएको हो । नेपाल र भारतमा फिल्म एकसाथ रिलिज हुनेछ । यसअघि गत कात्तिक ३० गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको थियो ।

नयाँ प्रदर्शन मितिसँगै सोमबार टिजर पनि सार्वजनिक गरिएको छ, जसले फिल्मको कथासार बुझाउँछ । फिल्मले 'गोर्खा ल्यान्ड'को विषयलाई मुख्य कथावस्तु बनाएको देखिन्छ । २०७४ सालमा 'गोर्खा ल्यान्ड'को माग गर्दै भारतको दार्जिलिङमा ठूलो आन्दोलन भएको थियो । फिल्मले यही आन्दोलनको विषयलाई उठाएको टिजरले संकेत गर्छ ।

फिल्मलाई जोन राईले निर्देशन गरेका हुन् । उनले दार्जिलिङ र डुअर्स क्षेत्रका नेपाली समुदायले भोगेको सङ्घर्षको इतिहासलाई डिजिटल दस्तावेजका रूपमा प्रस्तुत गर्न फिल्म बनाएको बताएका छन् । यसमा मनोरञ्जनात्मकसहित सन्देशमूलक कथा रहेको उनको दाबी छ । फिल्मले दर्शकलाई सस्पेन्स, थ्रिल, रोमान्स र सोसल ड्रामाको अनुभव गराउने उनले बताए ।

फिल्ममा सौगातसहित कलाकारहरू प्रशान्त राई, अनिशा रसाइली, भास्कर प्रधान, महेन्द्र बग्दास, मदन भुजेल, भरत वशिष्ठ, अजय प्रधान, शान्तिला तामाङ, रिया भुजेल, बाल कलाकार वशिस्ट कार्की, सुरेश पन्चकोटी लगायतको पनि अभिनय छ । सञ्जीव सार्की निर्माता रहेको फिल्ममा जोन राई र रुपेश तामाङको कथा र पटकथा छ भने सुजोय कुमार घोष 'मुन्ना' छायाँकार हुन् ।

# "कल्ली"का निर्देशकलाई पलको चुनौती





अभिनेता पल शाहले एक गम्भीर घटनाका कारण एक वर्ष जेल जीवन बिताएपछि लगातार केही फिल्म सम्झौता गरे । त्यसमध्ये एक थियो, 'कल्ली' । उनको फोटोसुट गरेर क्यारेक्टर पोस्टरसहित गत साउनमा फिल्मको घोषणा गरिएको थियो । तर, गत भदौमा आएको 'रावायण' असफल भएपछि उनलाई रातारात 'कल्ली'बाट हटाइयो । र, उनको ठाउँमा सौगात मल्ल भित्रिए ।

फिल्मबाट पललाई हटाइनुमा उनी मुछिएको एक प्रकरण प्रमुख कारण मानिएको छ । जसले गर्दा उनीसँग केही कलाकारले काम गर्न नमानेको बताइन्छ । एक अनलाइन पोर्टलसँगको अन्तर्वार्तामा 'कल्ली'का निर्देशक लक्ष्मण सुनारले पनि अरु कलाकारले पलसँग काम गर्न नमानेको आशय व्यक्त गरेका थिए । उनले भनेका थिए, ' उहाँलाई लिँदा अरुलाई छाड्नुपर्ने अवस्था आयो ।' तर, फिल्मबाट आफूलाई हटाइएको र निर्देशक सुनारको अभिव्यक्तिप्रति पलले कुनै पनि प्रतिक्रिया जनाएका थिएनन् ।

आइतबार एक टेलिभिजन अन्तर्वार्तामा भने उनले आफूलाई बिना जानकारी फिल्मबाट हटाइएको गुनासो गरेका छन् । 'जसरी फिल्ममा मलाई लिनुभयो, त्यसरी नै 'तपाईंसँग यो-यो कारणले काम गर्न नसक्ने भयौं' भनेर भनिदिनुपर्थ्यो । मलाई अहिलेसम्म आधिकारिक रुपमा कसैले भन्नुभएको छैन । मैले त न्यूजमा आएपछि मात्र थाहा पाएको थिएँ । १/२ हप्तासम्म त मलाई विश्वास पनि लागेको थिएन । २ हप्तापछि अरुको माध्यमबाट मलाई खबर पठाइएको रहेछ,' उनले भने ।

यद्यपि, पलले 'कल्ली'मा काम गर्न आफूलाई लेखेको रहेनछ भनेर चित्त बुझाएका छन् । उनी भन्छन्, 'कहिले काहीँ लेखाइ र भोगाइ भन्ने हुन्छ । सायद मेरो जीवनमा यो फिल्म लेखेको थिएन होला । म त्यसरी दिन्छु ।' निर्देशक सुनारको अभिव्यक्तिप्रति भने उनी केही रुष्ट देखिए । कसले आफूसँग काम गर्न नमानेको हो भन्ने विषयमा स्पष्टीकरण दिनुपर्ने उनको भनाई छ ।

'मसँग कोही कलाकारले काम गर्न नचाहेको हो भने उहाँ (निर्देशक)ले स्पष्टीकरण दिनुपर्छ । कसले मान्नुभएन ? किन मान्नुभएन ? नत्र मैले ३ वटा फिल्म साइन गरिसकेको छु, त्यसमा सबैले काम गर्न मान्नुभएको छ । त्यसमा पनि त धेरै कलाकारहरु छन् । कामै गर्न नमानेको भए उहाँहरुले पनि मान्नु हुन्थेन होला,' उनी अगाडि भन्छन्, 'यदि प्रमाण छैन भने कसैको बारेमा त्यसरी भन्नु हुँदैन । प्रमाण छ भने त कारणसहित यो-योले खेल्न मानेनन् भन्न पाउनुहुन्छ ।'

'कल्ली'बाट हटाइए पनि पलसँग फिल्मको अभाव भने छैन । अहिले उनको पाइपलाइनमा तीनवटा फिल्म छन् । 'मायाका रंगहरु' र 'मोहर' छायांकनको तयारीमा छन् भने अर्को फिल्म घोषणा गरिएको छैन । केही दिनमा पोस्टरमार्फत त्यसको घोषणा गरिने जनाइएको छ । उनको मुख्य भूमिका रहेको फिल्म 'मायावी' भने आगामी महाशिवरात्रि अर्थात् फागुन १४ गतेबाट रिलिज हुँदैछ ।

# "पहाड"मा विपिन र वर्षा

विभिन्न कालखण्डमा एकाध कलाकारको जोडी नेपाली फिल्ममा निरन्तर दोहोरिरहेको पाइन्छ । यसमा दुईवटा पक्षले ठूलो भूमिका खेलेको हुन्छ । पहिलो, फिल्मको व्यावसायिक सफलता । एउटा फिल्म सफल भयो भने त्यसका शीर्ष अभिनेता र अभिनेत्रीलाई एकपछि अर्को फिल्ममा दोहोऱ्याइन्छ । दोस्रो, दर्शकले जोडी रुचाएको खण्डमा पनि सहकार्यले निरन्तरता पाउँछ ।

यतिबेला नेपाली फिल्ममा दयाहाङ राई र मिरुना मगरपछि कुनै जोडी निरन्तर दोहोरिरहेको छ भने ती विपिन कार्की र वर्षा राउत हुन् । उनीहरुको सहकार्यले डबल ह्याट्रिक पूरा गरिसकेको छ । अर्थात् ६ वटा फिल्ममा एकसाथ काम गरिसकेका छन् । 'जात्रा', 'गोपी', 'जात्रै जात्रा', 'के घर के डेरा', 'महाजात्रा' र 'तेल भिसा' उनीहरुबीच सहकार्य भएका फिल्म हुन् ।

विपिन र वर्षाले काम गरेका ६ फिल्ममध्ये सबैभन्दा सफल 'जात्रा' श्रृंखला हो । 'के घर के डेरा' औसत चल्यो । 'गोपी' डिजास्टर बन्यो । 'तेल भिसा' अहिले हलमा प्रदर्शन भइरहेकाले हिट र फ्लपको निर्क्यौल हुन अझै केही दिन लाग्नेछ । तर, फिल्म हिट होस् वा फ्लप, उनीहरुको जोडी भने राम्रै जमिरहेको छ । अब सातौंपटक उनीहरुबीच फिल्ममा सहकार्य हुने भएको छ ।

निर्देशक तुलसी घिमिरेको नयाँ फिल्म 'पहाड'मा विपिन र वर्षाको जोडी बाँधिन लागेको हो । विपिन फिल्ममा निश्चित भइसकेका छन् भने वर्षासँग लिखित सम्झौता हुन बाँकी छ । यद्यपि, उनले काम गर्ने निर्णय दिइसकेकी छन् । आगामी माघ पहिलो साताबाट छायांकन हुन लागेको यो फिल्ममा मदनकृष्ण श्रेष्ठ, सुनिल थापा, रविन्द्रसिंह बानियाँ, अरुण क्षेत्री पनि अनुबन्ध भइसकेका छन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १५, २०८१ साल मंसिर ११ गते मंगलबार (Nov 26, 2024)

# नेपाली बजारमा एलजीको नानोसेल टिभी सार्वजनिक




**काठमाडौं–** चौधरी ग्रुपअन्तर्गत नेपालमा एलजी उत्पादनका अधिकारिक आयातकर्ता तथा वितरक सिजी इलेक्ट्रोनिक्सले ४३ इन्च, ५५ इन्च र ६५ इन्चका साइजमा नयाँ एलजी नानोसेल टिभी सार्वजनिक गरेको छ ।

यो नयाँ थप टिभीले नेपालमा उपलब्ध एलजीको उन्नत टेलिभिजन मोडेलहरूको दायरा बढाएको छ जसमा ३२देखि ८६ सम्मका ओएलईडी टिभी, क्युएनईडी टिभी, युएचडी टिभी र स्मार्ट टिभीहरू समावेश छन् ।

एलजीको नानोसेल टिभीहरूमा विशेष नानोसेल लेयर प्रयोग गरिएको छ, जुन प्रविधिले उन्नत रङको शुद्धताका साथ तस्विरको गुणस्तरमा क्रान्ति ल्याएको छ । यसको न्यानोपार्टिकल्सले सुस्त टोनहरू फिल्टर गरेर तीक्ष्ण टोनहरूबाट गहिरो, जीवन्त रङहरू प्रदान गर्दछ ।

यसको सटीक पिक्सेल पङ्क्तिबद्धता र केवल एक नानोमिटरको दूरीले गर्दा स्क्रिनमा एकरूपता सुनिश्चित गर्दछ र फराकिलो दृश्य कोणहरूमा पनि छविको गुणस्तर कायम राख्छ । अनावश्यक प्रकाशलाई सोसेर, नानोसेलहरूले चित्रको गुणस्तरको ह्रासलाई कम गर्दछ, सुस्त वा धमिलो नगरी बोल्ड, जीवन्त रङहरू प्रदान गर्दछ ।

आइपीएस प्रविधिमा निर्माण गरिएको नानोसेल डिस्प्लेहरूले टोनहरूको दायरा विस्तार गर्दछ, जीवन्त छविहरूका लागि एक अर्बभन्दा बढी रङहरूलाई सपोर्ट गर्दछ र वाइद भ्युइङ एङ्गल पनि प्रदान गर्दछ । त्यसैले, समूह भेला र साझा अवलोकन अनुभवहरूका लागि नानोसेल टिभी एउटा उत्कृष्ट विकल्प हो यसको आविष्कारले जीवन्त र गतिशील दृश्यहरूका लागि आरजिबि रङलाई अझ फिल्टर गरेर रातो र हरियो रङलाई परिष्कृत गर्दछ ।

नानोसेल टिभीले जीवन्त रङ र फराकिलो स्क्रिन कोणहरू प्रदान गर्ने र दिनको समयमा हेर्नका लागि उत्कृष्ट भएकोले यसलाई ओएलईडी टि.भीको किफायती विकल्पको रूपमा लिन सकिन्छ । न्यानोसेल टिभीहरूमा एलईडी टिभीहरू भन्दा धेरै शार्पनेस हुन्छ ।

अत्याधुनिक फोरके नानोसेल अल्फा फाइभ एआई प्रोसेसर जेन सेवेन टेक्नोलोजीले सुसज्जित यी नानोसेल टिभीहरूले जीवन्त तस्विर गुणस्तरका लागि एआई-संचालित फोरके अपस्केलिङ, एआई ब्राइटनेस कन्ट्रोल र नानो कलरको साथ इमर्सिभ दृश्य अनुभव प्रदान गर्दछ ।

एचडीआर टेन, एचएलजी र फिल्ममेकर मोड जस्ता सुविधाहरूले दृश्य अनुभवलाई अझ बढाउँदछ, जबकि एआई साउन्ड प्रो र क्लियर भ्वाइस प्रो.ले अडियो आउटपुटलाई समृद्ध पार्दछ जसले प्रत्येक ध्वनि विवरण स्पष्ट र शक्तिशाली छ भनेर सुनिश्चित गर्दछ ।


एलजी नानोसेल टिभीले नेपाली बजारमा नवीनतम स्मार्ट टेक्नोलोजी पनि ल्याएको छ जसमा वेबओएस २४, एलजी थिनक्यू र अमेजन अलेक्सा, एप्पल एयरप्ले आदि जस्ता लोकप्रिय प्लेटफर्महरू सपोर्ट गर्दछ । गेम अप्टिमाइजर, इन्टेलिजेन्ट भ्वाइस रिकग्निसन र म्याजिक रिमोट जस्ता अतिरिक्त सुविधाहरूका साथ यी टिभीहरूले आधुनिक नेपाली घरपरिवारको विविध आवश्यकताहरू पूरा गर्दछ । एलजी नानोसेल टिभीले वेबओएस रेन्यु प्रोग्राम पनि प्रदान गर्दछ जसले ग्राहकहरूले टिभी खरिद गरेपछि पाँच वर्षसम्म वेबओएस अपग्रेडहरू प्राप्त गर्ने सुनिश्चित गर्दछ ।

सीजी इलेक्ट्रोनिक्सले नो कस्ट इएमआई सेवा, एक्सचेन्ज सेवा, कम्पनीको २-१-१ नीति मार्फत बिक्री पस्चातको सेवा, तीन बर्षको पुरा वारेन्टी जस्ता ग्राहक लाभहरू पनि प्रदान गर्दछ ।

ग्राहकहरूले एलजी शपि स्टोरहरू, सीजी डिजिटल स्टोरहरू, इ-कमर्स साइट अनमष्नष्तबा.अफ.लउ र नेपालभरि विस्तृत डिलर नेटवर्क मार्फत एलजीको इनोभेटिभ टिभीहरूको पूर्ण अनुभव गर्न सक्दछन ।




# विश्व प्रसिद्ध गेमिङ एसेसरिज ब्रान्ड ब्ल्याक शार्क नेपाल भित्रिने अन्तिम तयारीमा




**काठमाडौं–** विश्व प्रसिद्ध गेमिङ एसेसरिज ब्रान्ड ब्ल्याक शार्क नेपाल भित्रिने अन्तिम तयारीमा रहेको छ । आगामी नोभेम्बर २६ अर्थात मंसिर ११ गते सो ब्रान्डका एसेसरिज औपचारिक रुपमा नेपाली बजारमा उपलब्ध भएको घोषणा गरिने छ ।

नेपालको प्रमुख इलेक्ट्रोनिक्स तथा ग्याजेट मार्केट प्लेस मोबाइलमान्डुले ब्ल्याक शार्क गेमिङ एसेसरिजको विशेष लन्च गर्ने योजना बनाएको छ । आगामी नोभेम्बर २६ देखि डिसेम्बर २ अर्थात मंसिर ११ देखि १७ गते सम्म गेमिङ र हेल्थ तथा प्रविधिमा चासो राख्ने ग्राहकले सो ब्रान्डका उच्च गुणस्तरीय स्मार्टवाच र इयरबडको वारेमा जानकारी लिन र प्रयोग गर्न सक्ने छन् ।

दराज र मोबाइलमान्डुको प्ल्याटफर्मबाट यी सामग्री खरिद गर्न सकिने छ । ब्ल्याक शार्कको नेपाली बजारमा औपचारिक लन्चको अवसरमा सीमित समयका लागि आकर्षक छुट र अन्य विभिन्न अफर समेत उपलब्ध गराइने छ । प्रिमियम एसेसरिजलाई अझ सबैको पहुँचयोग्य बनाउनका लागि सीमित समयका लागि ५० प्रतिशत छुट अफर उपलब्ध हुनेछ ।

त्यसैगरी पहिलो ५० ग्राहकले जीटी ३ नियो स्मार्टवाच र टी- इयरबडमा विशेष छुट प्राप्त गर्नेछन् । यी वाहेक शुरुमै एसेसरिज किन्ने ग्राहकलाई ग्याजेटको अनुभव मज्जाले लिन र ब्रान्ड भ्याल्यु बुझाउन सहजताका लागि स्पेसल गिफ्ट ह्याम्पर समेत प्रदान गरिने छ ।

सहभागीहरुमा उत्साह प्रदान गर्न र पुरस्कृत गर्नका लागि एक ग्रान्ड गिभअवे कार्यक्रम गरिने छ र यसमा विभिन्न भाग्यशाली ग्राहकलाई ५० हजार रुपैयाँ मूल्यको ब्ल्याक शार्क प्रोडक्ट उपलब्ध गराइने छ ।

मोबाइलमान्डुले हाल पहिलो चरणमा विभिन्न मोडलका स्मार्टवाच र इयरबड बिक्रीका लागि उपलब्ध गराउने छ । ७ देखि २१ दिन सम्मको ब्याट्री लाइफ भएका यी स्मार्टवाच गेमिङमा प्रयोग गर्न सकिन्छ । यो वाहेक स्पोर्ट्स र हेल्थ चेकअपका लागि समेत विशेष उपयोगी हुनेछन् । त्यसैगरी इयरबडको ब्याट्री लाइफ ४० घण्टा सम्म रहेको छ ।

मोबाइलमान्डु र दराजको सोसल मिडिया प्ल्याटफर्मबाट यी सामग्री खरिद गर्न सकिने छ । हाई पर्फमेन्स गेमिङ एक्सपेरियन्स प्रदान गर्नका लागि ब्ल्याक शार्कले विभिन्न डिभाइस, एसेसरिज र सफ्टवेयर उत्पादन गर्दै आएको छ । सन् २०१७ मा विश्व प्रसिद्ध स्मार्टफोन निर्माता कम्पनी शाओमीको सहायक कम्पनीको रुपमा स्थापना भएको भए तापनि हाल यो कम्पनी स्वतन्त्र रुपमा क्रियाशील छ । ब्ल्याक शार्कका उत्पादन विश्वमै लोकप्रिय मानिन्छ ।

# बीवाईडीद्वारा ३०औं वार्षिकोत्सवको अवसरमा १ करोड(NEV)उत्पादन




**काठमाडौं–** नेपाल - BYD को ३०औं वार्षिकोत्सव र १ करोडौं ल्भ्ख विश्वव्यापी उत्पादनको अवसरमा, BYD र साईमेक्स इन्क.ले नेपालभर १०० विद्युतीय गाडी डेलिभरी गर्दै अर्को ठूलो उपलब्धि हासिल गरेको छ ।

यसले नेपाललाई दिगो यातायाततर्फ उन्मुख गराउने प्रयासलाई अझ बलियो बनाउदै हरित भविष्यप्रतिको द्यथ्म को प्रतिबद्धता देखाएको छ । यस उपलब्धिले द्यथ्म को विश्वव्यापी अटोमोटिभ इंडस्ट्रीमा भएको क्रान्तिकारी नेतृत्व र नेपालमा यसको बढ्दो प्रभावलाई झल्काउँछ । वार्षिकोत्सवको अवसरमा १०० विद्युतीय गाडी डेलिभरीले नेपालको दिगो यातायात समाधानप्रतिको रुचि र BYD को प्रविधिमाथि ग्राहकहरूको विश्वास प्रस्ट्याउँछ । विश्वव्यापी रूपमा, द्यथ्म १ करोड ल्भ्ख उत्पादन गर्ने पहिलो गाडी निर्माता बनेको छ, जसले नवप्रवर्तन, दिगोपन, र शून्य उत्सर्जन तर्फको भविष्यप्रतिको प्रतिबद्धता प्रमाणित गर्दछ ।

नेपालले हरित भविष्य अँगाल्दै गर्दा, साईमेक्स इन्क.ले BYD ATTO 3, BYD Dolphin, / BYD Seal जस्ता आधुनिक मोडलहरू प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । यी गाडीहरूमा अत्याधुनिक ब्लेड ब्याट्री प्रविधि, सुरक्षाको उच्च स्तर, र उत्कृष्ट प्रदर्शनको कारणले नेपाली ग्राहकहरूको रोजाइमा परेका छन् ।

द्यथ्म को ३०औं वार्षिकोत्सवमा नेपालभर १०० गाडी डेलिभरीको उपलब्धि हाम्रो लागि गर्वको क्षण हो । यो हाम्रो टोलीको मेहनत र ग्राहकहरूको विश्वासको प्रमाण हो । संगसंगै, हामी नेपालको दिगो यातायाततर्फ यात्राको गति बढाउँन मदत गर्दैछु ।"

## वायु प्रदुषणबाट जोगिऔं

**वायु प्रदुषणले:**

- फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्छ,
- मुटु, रक्तसञ्चार प्रणाली, मस्तिष्कमा समेत गम्भीर असर पुर्‍याउन सक्छ,
- सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आँखामा असर देखा पर्न सक्छ,
- सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ ।

**त्यसैले:**

- वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौं,
- कच्ची सडकहरू कालोपत्रे गरौं,
- घर तथा कार्यालय एवं खाली स्थानमा वृक्षारोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौं

**वायु प्रदुषणको असरबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार